# सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८

(सहकारी विभागद्वारा जारी मिति वि.सं. २०६८ साल बैशाख १ गते)

**प्रस्तावना :**

सहकारी संघ संस्था र बैंक प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य र सिद्धान्तहरुको अनुसरण गर्दै देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भूमिका निर्वाह गर्न सक्षम बन्न सकुन् भन्ने उद्देश्यले सहकारी ऐन, २०४८ को दफा २६ (१) र (२) बमोजिम सहकारी संघ संस्था र बैंकले गर्ने वित्तीय कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संघ संस्थाहरुको दर्ता तथा संचालन सम्वन्धी कार्यलाई व्यवस्थित गर्न सहकारी ऐन, २०४८ को दफा ४, ५, ६, ३४, ३५ र ३६ तथा सहकारी नियमावली, २०४९ को नियम १६ (ख) र २३ को प्रयोजनको लागि सहकारी संघ संस्था र बैंकको लागि यो मापदण्ड लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक खण्ड

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो मापदण्डको नाम "सहकारी संघ संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८" रहेको छ ।

(२) सहकारी विभागका रजिष्ट्रारद्वारा स्वीकृत यो मापदण्ड २०६८ बैशाख १ गते देखि सहकारी संघ संस्था र बैंकका लागि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले सहकारी ऐन, २०४८ लाई जनाउनेछ ।

(ख) "नियमावली" भन्नाले सहकारी नियमावली, २०४९ लाइ जनाउनेछ ।

(ग) "रजिष्ट्रार" भन्नाले सहकारी विभागको रजिष्ट्रार पदमा नियुक्त विभागिय प्रमुखलाई जनाउनेछ ।

(घ) "विभाग" भन्नाले सहकारी विभागलाई जनाउनेछ ।

(ङ) "कार्यालय" भन्नाले सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयलाई जनाउनेछ ।

(च) "मापदण्ड" भन्नाले सहकारी संघ संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ लाई जनाउनेछ ।

(छ) "विनियम" भन्नाले सम्वन्धित सहकारी संस्था वा संघको विनियमलाइ जनाउनेछ ।

(ज) "संघ" भन्नाले सहकारी संस्थाहरुको छाता संगठनहरु जिल्ला सहकारी संघहरु, विषयगत जिल्ला सहकारी संघहरु, विषयगत केन्द्रीय सहकारी संघहरु र राष्ट्रिय सहकारी संघ समेतलाई जनाउनेछ ।

(झ) "बैंक" भन्नाले राष्ट्रिय सहकारी बैंकलाई जनाउनेछ ।

(ञ) "संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ ।

(ट) "साधारण सभा" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको नियमित वार्षिक साधारण सभालाई जनाउनेछ ।

(ठ) "समिति" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको संचालक समितिलाई जनाउनेछ ।

(ड) "सदस्य" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको विनियम बमोजिम शेयर खरीद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

(ढ) "व्यावसायिक इकाई" भन्नाले सहकारी संस्थाहरु एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरुको व्यावसायिक इकाईलाई जनाउनेछ ।

(ण) "पुँजी कोष" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले विभागले समय समयमा पूँजि कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(त) "प्राथमिक पूँजि कोष" भन्नाले संस्था/संघ/बैंकको शेयर पूँजि र जगेडा कोष रकमलाइ जनाउनेछ ।

(थ) "पुरक पूँजि कोष" भन्नाले संस्था/संघ/बैंकको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, डुवन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थीरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाइ जनाउनेछ ।

(द) "निर्देशिका" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको वचत तथा ऋण परिचालन निर्देशिका वा यस अघि प्रयोगमा ल्याइएको बचत तथा ऋण परिचालन नीतिलाई समेत जनाउनेछ ।

(ध) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्था वा संघ वा बैंकलाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(न) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबु, आमा, दाजु, भाई, दिदी, वहिनि, पति, पत्नि, छोरा, वुहारी, धर्म पुत्र, धर्म पुत्रिलाइ जनाउनेछ । सो शव्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाइ जनाउनेछ ।

(प) "शेयर पुँजी" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको चुक्ता शेयर पूँजिलाइ जनाउनेछ ।

(फ) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्था वा संघ वा बैंकमा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुका नावालिक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(ब) "लक्षित समुदाय" भन्नाले मानव विकास सूचकांकमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारिरिक रुपमा कम सक्षम, भूमिहिन किसान, सुकुम्बासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरु र गरिबीको रेखामुनी रहेका अन्य समुदायलाई समेत जनाउनेछ ।

## परिच्छेद - २
## दर्ता तथा संचालन सम्वन्धी मापदण्डहरु

**३. संस्था दर्ता गर्ने आधार** : सहकारी संस्था दर्ता गर्दा निम्न आधारमा गरिनेछ :

**३.१ बसोवासको आधार** : बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका कम्तिमा २५ जना प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछ :

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(२) हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो ।

(३) कार्यक्षेत्रभित्र बसोवास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

(क) परिवार सहितको बसाई सराई गरी आएको भए सोको प्रमाण पत्र ।

(ख) वैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित ।

(ग) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा हालसालै विद्युत महसुल तिरेको बिल र तिरो तिरेको रसिद ।

(घ) विगत दुई वर्ष देखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर तिरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु ।

(ङ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा वहालमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने स्थानिय निकायले गरेको बढीमा १ महिना भित्रको सिफारिश ।

(च) आमा बाबु श्रीमान श्रीमति र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर सगोलमा रहेको नाता समेत खुल्ने स्थानिय निकायको सिफारिस ।

(४) बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु मध्ये कम्तिमा ८० प्रतिशत आबेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधैं कायम राख्नु पर्नेछ ।

(५) यो मापदण्ड जारी हुनु भन्दा अघि निजी कम्पनी वा गैर सरकारी संस्थामा आवद्ध व्यक्तिहरु मात्र सदस्य हुन पाउने गरी दर्ता भएका सहकारी संस्थाहरु निश्चित भौगोलिक क्षेत्र कायम गरी सदस्यहरुको बसोवासको आधारमा संस्थाको कार्यक्षेत्र परिमार्जन गर्न इच्छुक भएमा साधारण सभाबाट तत्काल कायम रहेका दुई तिहाई सदस्यहरुको स्वीकृतिमा यो मापदण्ड जारी भएको ६ महिना भित्र खण्ड ३.१ मा उल्लेखित कागजातहरु सहित कार्यक्षेत्र परिवर्तनका लागि सम्बन्धित कार्यालयमा निवेदन पेश गर्ने गरी एक पटकलाई कार्यक्षेत्र परिमार्जन तथा दर्ताको आधार परिवर्तन गर्न अवसर दिइनेछ ।

(६) उपदफा (५) बमोजिम कार्यक्षेत्र र दर्ताको आधार परिवर्तन गर्नु पूर्व रजिष्ट्रारको स्वीकृति लिनु पर्नेछ ।

**३.२ पेशा र पेशागत संगठनको आधार :**

(१) कम्तिमा २५ जना एउटै पेशा वा पेशागत संगठनका व्यक्तिहरु मिलि प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्नेछन् । यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत संगठन खुल्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ । यस्ता संस्थाको कार्य क्षेत्र सदस्यहरुको प्रकृति अनुसार सम्बन्धित निकायको परिसर वा आवेदक सदस्यहरुको ठेगानाका आधारमा बढीमा जिल्लाभर सम्म कायम गर्न सकिनेछ ।

(२) कानून बमोजिम गठित एउटा पेशागत संगठन अन्तर्गत एक भन्दा बढी संस्थाको दर्ता गरिने छैन । सम्बन्धित पेशागत संगठनको आधिकारिक सहमतिमा मात्र पेशागत संगठनको आधारमा संस्था दर्ता गर्न सकिनेछ ।

**३.३ संस्थागत आधार** : सरकारी निकायमा कार्यरत कर्मचारीहरु; नेपाल सरकारको पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु; सार्वजनिक, सहकारी र निजी कलकारखानामा कार्यरत मजदूरहरु; शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरु; अस्पतालमा कार्यरत कर्मचारीहरु; शहरमा आई बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा संगठित रहेका व्यक्तिहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा कार्यालयको परिसर भित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोवार, सदस्यहरुको सामूहिक हित प्रबर्द्धनका लागि सामाजिक कामहरु र सांस्कृतिक क्रियाकलापहरु संचालन गर्ने उद्देश्य राखी सहकारी संस्था दर्ता गर्न सकिनेछ ।

तर औद्योगिक क्षेत्र परिसर भित्रका बहुसंख्यक मजदूरहरुको सदस्यता रहने गरी दर्ता गरिने सहकारी संस्थालाई बचत तथा ऋण, पसल, शिशु स्याहार केन्द्र, स्वास्थ्य क्लिनिक, वाचनालय, जस्ता परिसर भित्र संचालन गर्न सकिने बहुमुखी काम गर्न पाउने गरी उद्देश्यहरु राख्न दिइनेछ ।

यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्नेछ :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १।१ प्रति ।

३. सम्वन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. सम्बन्धित निकायको स्वीकृति ।

४. **बहुउद्देश्यीय सहकारी संस्था दर्ता तथा उद्देश्य परिवर्तन सम्बन्धी मापदण्ड :**

(१) सामान्यतया वहुउद्देश्यीय नामबाट संस्था दर्ता गरिने छैन ।

तर विपन्न वर्ग र समुदायका व्यक्तिहरुको समूह, नगरपालिका र गाँउ विकास समितिका कार्यालयबाट वहुसंख्यक घर धुरी समेटी निर्माण गरिएको टोल विकास संगठनहरुमा आबद्ध हुने व्यक्तिहरुले स्थापना गर्ने संस्थाको हकमा यो उपदफा लागु हुने छैन । यस्ता संस्थाहरुले बचत तथा ऋण परिचालन, पसल, कृषि तथा पशु पालन व्यवसाय, सामुदायिक स्वास्थ्य सेवा, साना तथा घरेलु उद्योग-व्यवसाय, सीप विकास र सामाजिक कामहरु गर्ने उद्देश्यहरु मात्र राखी बहुउद्देश्यीय संस्था दर्ता गर्न सक्नेछन् । यस्तो संस्था गठन गर्न सम्वन्धित स्थानिय निकायले उक्त समूहको गठनको पृष्ठभूमि, उद्देश्य र कार्यहरुको संक्षिप्त ब्यहोरा साथै भावी कार्ययोजना सहित दर्ताका लागि सिफारिस गर्नु पर्नेछ ।

(२) यो मापदण्ड जारी हुन अघि दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाले एक भन्दा वढी विषयको काम गर्नु पर्नेछ अन्यथा कुनै एउटा विषयको मात्र कारोवार गरेको भए जुन विषयको कारोवार गरेको हो सोही विषय जनाउने गरी नाम परिवर्तन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नाम परिवर्तनका लागि साधारण सभाबाट निर्णय गरी विनियम संशोधन सहित स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(४) दुई आर्थिक वर्ष अघि देखी संचालनमा आएको संस्थाले दुई भन्दा बढी प्रकृतिको व्यवसाय संचालन गरी रहेको र बहु-व्यवसाय गर्ने उद्देश्य सहित विस्तृत कार्ययोजना, पुँजीको व्यवस्था र संभाव्यता रहेको भन्ने अध्ययन प्रतिवेदनले पुष्टी गरेमा विभागले सम्बन्धित संस्थाले सहकारीको मूल्य र सिद्धान्तहरुको पालना गरेको, प्रचलित कानुन तथा विभागबाट जारी गरिएका निर्देशनहरु र मापदण्डको पालना गरेको, स्थानियस्तरमा स्तरीय सेवा पुऱ्याएको र ५ सय भन्दा बढी सदस्यहरु भएको आधारमा कुनै संस्थालाई एकल उद्देश्यबाट बहुउद्देशियय शब्द प्रयोग गरी नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ ।

५. **संस्थाको नाम सम्बन्धी मापदण्ड :**

(१) संस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट”, “डेभलपमेण्ट” तथा “वित्तीय संस्था” वा “कम्पनी” जनाउने शव्दहरु प्रयोग गर्न पाइने छैन । यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए कार्यालयले यस्तो नाम परिवर्तन गर्न निर्देशन दिनेछ । कार्यालयको निर्देशन पालना गर्नु संस्थाको जिम्मेवारी हुनेछ ।

(२) संस्था दर्ता गर्दा एक जिल्लाभित्र एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ । जिल्ला फरक परेपनि जोडिएको नगर वा गाँउमा रहेको कुनै पुरानो संस्थासँग मिल्दो नाममा संस्था दर्ता गरिने छैन ।

(३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ । प्रस्तावित नाममा ३ दिन भित्र सम्बन्धित कार्यालयले मिल्ने नमिल्ने जानकारी दिनु पर्नेछ । स्वीकृति लिएको १० दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि सम्बन्धित कार्यालयमा निवेदन पेश गरी सक्नुपर्नेछ । तोकिए बमोजिमको समय नाघेपछि सो नाम अरुले प्रयोग गर्न सक्नेछन् ।

(४) कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लेख गरिएको संस्था दर्ता गरिने छैन । यस्तो शब्दको प्रयोग संस्था संचालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाइने छैन ।

(५) तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन ।

(६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्था दर्ता गरिने छैन ।

(७) संस्थाको नाम देवनागरी लिपीमा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुइ अक्षरको हुनु पर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन । संस्थाको नाममा सहकारी र लिमिटेड शब्दको प्रयोग अनिवार्य हुनेछ ।

**६. संस्थाको नाम परिवर्तनको प्रक्रिया र कार्यविधि :**

(१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति दिइने छैन ।

(२) उद्देश्य परिवर्तन गर्ने प्रयोजन र कार्यक्षेत्र विस्तारको कारणले कार्यालयको सिफारिशमा विभागले नाम परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

(३) नाम परिवर्तनका लागि साधारण सभाको निर्णयले मात्र प्रस्ताव गर्न सकिनेछ ।

(४) ग्रामिण तहमा संचालनमा रहेका कुनै सहकारी संस्थाहरुले कृषि सहकारी जनाउने गरी र वहुउद्देश्यीय संस्थालाइ एकल उद्देश्यको नाम र उद्देश्य परिवर्तन गर्न चाहेमा प्रश्रय दिइने छ ।

(५) उपदफा (२) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएमा निम्नानुसार गर्नु पर्नेछ :

(क) रु १ करोड भन्दा बढी बचत तथा ऋणको प्रमुख कारोवार गर्ने संस्थाहरुले नाम परिवर्तन भएको कुरा खोली राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा २ पटक सूचना प्रकाशित गर्नु पर्नेछ । अन्य सहकारी संस्थाहरुले यस्तो सूचना स्थानिय दैनिक पत्रिका वा दैनिक पत्रिका नभए स्थानिय एफ एम रेडियोबाट कम्तिमा २ पटक प्रशारण गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सूचना प्रकाशित गर्दा नाम परिवर्तन भएपछि साविक नामवाट गरिएको कारोवारको जिम्मेवारी नाम परिवर्तन हुने संस्थामै रहने कुरा समेत सूचनामा उल्लेख गर्नु पर्नेछ ।

**७. शेयर पुँजी सम्बन्धी मापदण्ड :**

(१) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुँजी उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावित सदस्यहरुले खरीद गरेको शेयर पूँजीको नामनामेशी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ ।

(४) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कूल शेयर पूंजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ ।

(५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संघ संस्थाको शेयर पूँजी बृद्धि गर्न सकिनेछ । शेयर पूँजी बृद्धिको निर्णयको जानकारी सम्बन्धित कार्यालयमा गराउनु पर्नेछ ।

**८. शेयर खरीद र अन्य सहकारीमा लगानी सम्बन्धी मापदण्ड :**

(१) बचत तथा ऋणको कारोवार गर्ने एउटा सहकारी संस्थाले सोही प्रकृतिको कारोवार गर्ने अर्को संस्थाको शेयर खरीद गर्न पाउने छैनन् ।

(२) यो मापदण्ड जारी हुनु अघि गरिएको अन्य निजी व्यवसाय वा कम्पनी वा फर्ममा गरिएको लगानी यो मापदण्ड जारी भएको दुई वर्ष भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ । यो मापदण्ड जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन । यस मापदण्ड विपरित गरिएको शेयर तथा ऋण लगानी संचालकहरुबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ ।

(३) आफू सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी वैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन । विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ ।

(४) विभागको स्वीकृतिमा सहकारी संस्थाहरुले साझेदारीमा उद्योग व्यवसायहरु संचालन गर्न सक्नेछन् । यस्तो उद्योग व्यवसायको व्यवस्थापनका लागि संचालक समितिले संचालक सदस्यबाट अवधि तोकी प्रतिनिधित्व गराउनु पर्नेछ वा विनियममा व्यवस्था गरी प्रतिनिधि निर्वाचन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) वित्तिय कारोवार वाहेकको उद्देश्यका लागि संस्थाहरुको संयुक्त वा एकल लगानीमा व्यवसाय संचालन गर्ने गरी सहकारी उद्योग वा व्यवसाय दर्ता गर्न सकिनेछ । लगानीको सीमा मापदण्डको दफा ३३ को उपदफा (१) मा तोकिए बमोजिम हुनेछ ।

## ९. संचालक र लेखा समितिको गठन :

(१) एकै परिवारवाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको संचालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(२) प्रारम्भिक संस्था तथा विषयगत जिल्ला संघहरुमा कम्तिमा ७ जना, जिल्ला संघमा कम्तिमा ९ जना, केन्द्रीय संघहरुमा कम्तिमा ११ जना तथा राष्ट्रिय संघमा कम्तिमा १३ जना सदस्य भएको संचालक समितिको गठन गर्नु पर्नेछ ।

(३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु वुझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र वैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका व्यक्ति संचालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(४) संचालक समितिले आफ्नो पदावधि समाप्त हुनु अगावै नयां समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

(५) संस्था वा संघको संचालक समितिको पदावधि समाप्त हुने अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गराई राख्नु पर्नेछ । राष्ट्रिय सहकारी संघ/केन्द्रीय सहकारी संघहरु/राष्ट्रिय सहकारी बैंकको हकमा यस्तो अभिलेख विभागले राख्नु पर्नेछ ।

(६) समितिको पदावधि समाप्त भएर पनि निर्वाचन नगराउने संस्था वा संघ वा बैंकको सम्बन्धित कार्यालय वा विभागले निर्वाचन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा सम्बन्धित संस्था वा संघ वा बैंकका विद्यमान पदाधिकारी, कर्मचारी एवं सदस्यहरुले आवश्यक सहयोग गर्नु पर्नेछ । यस अनुसार हुने निर्वाचनको व्यवस्थापनको जिम्मेवारी र लाग्ने खर्च सम्बन्धित संस्था वा संघ वा बैंकले व्यवस्था गर्नु पर्नेछ ।

(७) संस्था वा संघ वा बैंकको संचालक वा लेखा समितिमा उम्मेदवार हुने व्यक्तिले अनुसूची - १ बमोजिमको ढाँचाको मनोनयन पत्र निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(८) कुनै पनि व्यक्ति जिल्ला भित्रका एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन । उजुरीका आधारमा सम्बन्धित कार्यालय वा विभागले दोहोरो सदस्यता खारेज गर्नेछ ।

(९) संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालो सूचिमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिल नगरेको, र आफू सोही प्रकृतिको अन्य संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(१०) संस्थाको विनियममा संचालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरुका वीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन ।

तर यस व्यवस्थाबाट संस्थाको संचालक समितिको दोस्रो कार्यकाल देखी एक कार्यकाल सम्म निरन्तर रुपमा संस्थाको सदस्य रही आर्थिक कारोवारमा संलग्न रहेको व्यक्ति हुनु पर्ने व्यवस्था गर्न तथा पछाडी परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरिएको विशेष व्यवस्था अन्तर्गतका पदहरुमा सोही लिंग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

(११) मतदानमा सहभागी हुन पाउने सबैको हक सुरक्षित गर्नु पर्नेछ । एक जिल्ला भन्दा बढी कार्यक्षेत्र भएको वा जिल्ला भित्र पनि क्षेत्रगत आधारमा ५ सय भन्दा बढी सदस्य संख्या भएको सहकारी संस्थाहरुले क्षेत्रगत रुपमा संचालक समितिमा प्रतिनिधित्व सुनिश्चित हुने गरी विनियममा नै व्यवस्था मिलाउनु पर्नेछ ।

(१२) एक व्यक्ति समान स्तरको कुनै एक संघको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन् । माथिल्लो माथिल्लो वा अन्य प्रकृतिको संघको अध्यक्षमा निर्वाचित भए पछि अघिल्लो संघको अध्यक्ष पद स्वतः निस्कृय हुनेछ ।

(१३) प्रारम्भिक सहकारी संस्थाहरुको कम्तिमा एक कार्यकाल संचालक समिति र लेखा समितिमा नरहेका व्यक्तिहरु कुनै पनि तहको संघको पदाधिकारीमा उम्मेदवार हुन पाउने छैनन् ।

(१४) कर्मचारीहरुको सहभागितामा कर्मचारीहरु मात्र सदस्य हुन पाउने गरी संचालनमा रहेका संस्था बाहेक अन्य संघ संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामति कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरु उम्मेदवार हुन पाउने छैनन् ।

तर यस प्राबधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट संचालक समितिमा पदेन संचालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै बाधा पुग्ने छैन ।

(१५) संचालक समितिको अध्यक्ष वा अन्य पदहरुमा उम्मेदवार हुने व्यक्ति संस्थाको संचालक समितिको एक कार्यकाल सम्म निरन्तर शेयर सदस्य रही सदस्यको दायित्व निर्वाह गरेको व्यक्ति हुनु पर्नेछ ।

**स्पष्टिकरण:** एक कार्यकाल भन्नाले संस्थाको विनियमावलीमा तोकिएको अबधिलाई गणना गरिनेछ । संस्थाको संचालक समितिको पहिलो निर्वाचन र पदाबधि नसकिदै गरिने सोही पदाबधिको निर्वाचनमा भने यस्तो व्यवस्था लागू हुने छैन ।

(१६) संचालक समितिको निर्वाचन गर्दा संचालक सदस्यहरुको मात्र निर्वाचन गरी संचालक सदस्यहरु मध्येबाट अध्यक्ष चयन गर्ने व्यवस्था गर्न सकिनेछ । संचालक समितिको निर्णयबाट अन्य सदस्यहरुको जिम्मेवारी तोक्न सकिनेछ ।

(१७) संस्थामा तत्काल कायम रहेको सदस्यता अनुपातका आधारमा संचालक समिति र लेखा समितिका पदाधिकारी निर्वाचनमा महिला नेतृत्व निर्वाचन हुने विशेष व्यवस्था मिलाउनु पर्नेछ ।

(१८) प्रत्येक तहको संघको संचालक समिति र लेखा समितिको पदाधिकारी निर्वाचनमा कम्तिमा तेत्तिस प्रतिशत महिला नेतृत्व निर्वाचित हुने गरी संघहरुको विनियममा विशेष व्यवस्था मिलाउनु संघहरुका संचालक समितिका सदस्यहरुको कर्तव्य हुनेछ ।

१०. **संचालक समितिको काम तथा कर्तव्य** : विनियममा गरिएको व्यवस्था अन्तर्गत वा वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ ।

(१) संस्था वा संघ वा बैंकको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा संचालकहरुको हुनेछ ।

तर बरबुझारथ नगरेको अवस्था सम्म संस्था वा संघ वा बैंकको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो संचालकहरुले समेत वहन गर्नु पर्नेछ । बरबुझारथ भए गरेकोमा सोही बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

(२) बचत तथा ऋणको कारोवार गर्ने संघ सस्थाले साधारण सभाको स्वीकृतिमा बनेको वचत तथा ऋण नीतिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाइ अधिकार प्रत्यायोजन गरे देखी बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र संचालक समितिले ऋण लगानी गर्नु पर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राबिधिक रुपले सिफारिश गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(३) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढांचामा संस्था वा संघ वा बैंकका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरिकताको प्रमाणित प्रतिलिपि सम्बन्धित कार्यालय/विभागमा पेश गर्नु पर्नेछ ।

(४) प्रारम्भिक संस्थाको संचालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संघ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा संचालकहरु जिम्मेवार हुनेछन् ।

(५) संचालक र प्रमुख ब्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुबिधा प्रचलन वा संस्था वा संघ वा बैंकको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि कार्यालय वा विभागले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्था वा संघ वा बैंकको कर्तव्य हुनेछ ।

(६) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व संचालक समितिको हुनेछ । पदाबधि समाप्त हुनु कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ ।

(७) शेयर सदस्यता दिने नदिने अधिकार समितिको हुनेछ । सदस्यता दिदा प्रस्तावित सदस्यको विस्तृत विवरण लिई अभिलेख राख्नु पर्ने अन्तिम दायित्व समितिको हुनेछ । विनियममा भएको व्यवस्था बमोजिम सदस्यको उत्तरदायित्व निर्वाह नगरेको आधारमा समितिले प्रक्रिया पुरा गरी सदस्यता खारेज गर्न सक्नेछ । समितिले गरेको निर्णय चित्त नबुझेमा ३० दिन भित्र समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सकिनेछ । सदस्यता खारेज सम्बन्धी अन्तिम निर्णय पुनरावेदनका लागि निवेदन दिए पछि बस्ने साधारण सभाले गर्नेछ । पुनरावेदन सम्बन्धी निवेदन साधारण सभामा पेश गर्ने दायित्व समितिको अध्यक्षको हुनेछ ।

(८) कुनै सदस्यले सदस्यता छाड्न चाहेमा ६० दिन अघि लिखित रुपमा समितिसँग माग गर्नुपर्नेछ । संचालक समितिले बैठकबाट निर्णय गरी त्यस्तो सदस्यको सम्पत्ति र दायित्व यकिन गरी शेयर रकम फिर्ता गर्नु पर्नेछ । संचालक समितिले शेयर रकम फिर्ता नगरेमा सो को पुनरावेदन सुन्ने निकाय साधारण सभा हुनेछ ।

**११. लेखा समितिको गठन र दायित्व :**

(१) संस्था वा संघ वा बैंकको लेखा समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ । सदस्य निर्वाचित गर्दा कम्तिमा १ जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्नेछ ।

(२) लेखा समितिको गठन शेयर सदस्यहरुले निर्वाचनबाट गर्नेछन् ।

(३) संस्था वा संघ वा बैंकको अध्यक्ष र कार्यकारी प्रमुखसँग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा समितिका पदाधिकारीले अध्यक्षसंगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा संचालक समितिलाइ लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) प्रत्येक संस्था वा संघ वा बैंकको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनुसूची-२ को ढांचामा अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(क) ब्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ।

(ख) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।

(ग) संचालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता ।

(घ) बचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।

(ङ) विभागद्वारा जारी मापदण्डहरुको कार्यान्वयनको अवस्था ।

(च) कार्यालय, विभाग वा सम्वन्धित संघहरुले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था ।

(छ) संस्था वा संघ वा बैंकको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण ।

(ज) कर्मचारी भर्ना प्रकृया ।

(झ) शेयर सदस्यहरुलाई नियमानुसार दिईएको मुनाफा र अन्य थप सुविधाहरु ।

(ञ) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु ।

(५) लेखा समितिले चौमासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(६) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि संचालक समितिमा पेश गर्नु पर्नेछ । संचालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) लेखा समितिको प्रतिवेदनहरु लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ।

(८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी संचालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुख मार्फत समितिमा पेश गर्नु पर्नेछ ।

(९) प्राप्त प्रतिवेदन वारे संचालक समितिलाई स्पष्ट पार्न संचालक समितिको वैठकमा लेखा समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

(१०) अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाईएमा वा सदस्यहरुले निवेदन दिएमा रजिष्ट्रार वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा समिति गठनका लागि विशेष साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ ।

**१२ साधारण सभा सम्बन्धी मापदण्ड** :

(१) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सम्बन्धित संघ संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए संचालक र लेखा समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरु पुरा गर्नु संघ/संस्था/बैंकको कर्तव्य हुनेछ ।

(क) साधारण सभा बस्ने सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

(ख) विशेष साधारण सभाको सूचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

(ग) सूचनाका लागि सबै सदस्यहरुले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ ।

(घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्बन्धित कार्यालयलाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ ।

(ङ) सूचनामा सभा बस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ ।

(च) नयाँ संचालक समिति र लेखा समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ ।

(छ) सामान्यतया संघहरुको पदाधिकारीको निर्वाचन कार्यक्रम निर्वाचन अगावै प्रकाशित गर्नु पर्नेछ । निर्वाचन कार्यक्रम भएको साधारण सभा वोलाए पछि नयाँ सदस्यता दिने विषयमा विनियममा कुनै व्यवस्था गरिएको भए सोही बमोजिम र नगरेको भए निर्वाचन हुने १ महिना अगावै देखि सदस्यता दिने कार्य स्थगन राख्नु पर्नेछ ।

(ज) संघहरुले नियमानुसार सदस्यता खुला राख्नु पर्नेछ । संघहरुले सदस्यताका लागि कम्तिमा वर्षको २ पटक सूचना मार्फत सदस्यता आह्वान गर्नुपर्नेछ ।

(झ) सूचना प्रकाशन वा प्रशारणमा प्रभावकारी माध्यम प्रयोग नभई बहुसंख्यक सदस्यहरुले जानकारी नपाएको लागेमा वा प्रयाप्त समय नदिइएको पाइएमा सम्बन्धित कार्यालयले सभा बस्ने नयाँ मिति कायम गर्न र प्रभावकारी सूचना सम्प्रेषणका लागि निर्देशन दिन सक्नेछ ।

(ञ) सभा बस्ने स्थान संस्था दर्ता भएको जिल्ला भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ ।

(ट) साधारण सभा संचालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा सम्बन्धित कार्यालय वा विभागले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको मापदण्ड तयार गरी वार्षिक

कार्यक्रम तथा वजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) सामान्यतया नियमित वार्षिक साधारण सभा प्रारम्भिक सहकारी संस्थाहरुले आश्विन महिना भित्र, जिल्ला सहकारी संघ र विषयगत जिल्ला सहकारी संघहरुले कात्तिक महिनामा, केन्द्रिय सहकारी सहकारी संघहरुले मंसिर महिनामा र राष्ट्रिय सहकारी संघले पौष महिना भित्रमा सम्पन्न गर्नुपर्नेछ ।

**१३. साधारण सभा र निर्वाचन संचालन सम्वन्धी थप प्राबधानहरु :**

(१) १ हजार भन्दा बढी शेयर सदस्य भएका संस्थाको हकमा प्रत्येक १० जनाबाट १ जना र एक जिल्ला भन्दा बढी जिल्लाहरु कार्य क्षेत्र हुने संघ संस्था र सहकारी बैंकको हकमा प्रत्येक जिल्लाबाट कम्तिमा सम्बन्धित जिल्लाको कूल सदस्य संख्याको १० प्रतिशत प्रतिनिधि सहभागी हुने गरी साधारण सभा सम्पन्न गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि छान्ने प्रयोजनका लागि सम्वन्धित संस्था संघ वा वैंकले सदस्यहरुको आधारमा क्षेत्र विभाजन गर्नु पर्नेछ । एक क्षेत्रमा कम्तिमा ५ सय र बढीमा १ हजार भन्दा वढी सदस्य राख्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम प्रतिनिधि छनौट कार्य गर्दा सहकारी ऐन र नियमावली मा ब्यवस्था भए बमोजिमको गणपुरक संख्या पुगेको हुनु पर्नेछ ।

(४) प्रारम्भिक संस्थाको साधारण सभामा कार्यालय/विभागका कर्मचारीको उपस्थिति हुने छैन । प्राप्त उजुरी र उपलब्ध कागजपत्रका आधारमा साधारण सभाको बैधानिकता बारे कार्यालयले छानबिन गर्ने गरी कर्मचारी उपस्थित गराउन कुनै बाधा पर्ने छैन ।

(५) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालय वा विभागले प्रतिनिधि खटाउन सक्नेछ ।

(६) कार्यालय वा विभागका कर्मचारी उपलब्ध नभएमा संस्था वा संघ वा बैक रहेको वा निर्वाचन सम्पन्न हुने स्थानका स्थानिय बहालबाला सरकारी कर्मचारी वा विद्यालयका स्थायी शिक्षक वा मान्यता प्राप्त कानून व्यवसायी मध्येबाट मतदान अधिकृत नियुक्त गर्न सकिनेछ ।

(७) मतदान अधिकृतले संस्था वा संघ वा बैकका मतदाता नामावली एकिन गराउनु पर्नेछ । यसका लागि संस्था वा संघ वा बैकका आधिकारिक पदाधिकारीको हस्ताक्षर सहितको मतदाता नामावलीको सक्कलै एक प्रति मतदान अधिकृतले आफूसँग सुरक्षित राख्नु पर्नेछ । शेयर सदस्य एकिन गर्न संस्था वा संघ वा बैकको स्वीकृत विनियम, कार्य क्षेत्र, र मापदण्डको व्यवस्था अध्ययन गर्नु पर्नेछ । संस्था वा संघ वा बैकका जिम्मेवार पदाधिकारीले संचालक समितिले स्वीकृत गरेको र मतदान अधिकृतले प्रमाणित गरेको मतदाता नामावलीको एक प्रति सम्बन्धित कार्यालय वा विभागमा मतदान सम्पन्न भएको ७ दिन भित्र उपयुक्त र छिटो संचार माध्यमबाट पठाउनु पर्नेछ ।

(८) निर्धारित निर्वाचन कार्यक्रम अनुसारका प्रक्रियाहरु पुरा नगरी गरिएको निर्वाचन बैधानिक हुने छैन । निर्वाचन सम्बन्धी सबै कागजपत्रहरु सील गरी प्रमाणित गराई ३ महिना सम्म सुरक्षित राख्नु पर्नेछ । निर्वाचन सम्बन्धी प्रारम्भिक सुनुवाई सम्बन्धित कार्यालयले गर्नेछ । निर्वाचन प्रक्रिया पुरा नगरी भएको भन्ने लागेमा निर्वाचन सम्पन्न भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयमा उजुरी दिई सक्नु पर्नेछ । म्याद नाघी आएको उजुरी उपर कुनै सुनुवाई हुने छैन । कार्यालयले उजुरी परेको १ महिना भित्र छानविन गरी निर्णय उपलब्ध गराउनु पर्नेछ । कार्यालयले गरेको निर्णय उपर चित्त नबुझे म्याद भित्र नियमानुसार पुनरावेदन गर्न सकिनेछ ।

तर केन्द्रीय संघ र बैंकको हकमा यस्तो कार्य विभागले गर्नेछ ।

(९) संघ संस्था वा बैंकले उपरोक्त बमोजिमको निर्वाचन सम्बन्धी नयाँ व्यवस्था आफ्नो विनियममा संशोधन गरे पछि मात्र लागु गर्नु पर्नेछ ।

**१४. संघको सदस्यता दिने लिने प्रक्रिया :**

(१) नयाँ दर्ता हुने संस्था वा संघले प्रारम्भिक साधारण सभा सम्पन्न भएको मितिले ६ महिना भित्र र विगतमा दर्ता भई संचालनमा रहेका सहकारी संघ संस्थाहरुले यो मापदण्ड जारी भए पछि हुने

वार्षिक साधारण सभा सम्पन्न भएको मितिले ६ महिना भित्र सहकारी ऐन, २०४८ को दफा ३ मा उल्लेखित संघहरुमा सदस्यता लिन आवेदन पेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित संघहरुले पनि सहकारी संस्था वा संघहरुले सदस्यताका लागि आवेदन गरेपछि बस्ने पहिलो बैठकबाट निर्णय गरी वा मापदण्ड बमोजिम अघिल्लो बैठक बसेको मितिले बढीमा ३ महिना भित्र बैठक राखी सदस्यता दिइसक्नु पर्नेछ । सदस्यताको लागि आवेदन गर्ने संघ वा संस्थालाई सदस्यता दिन नसकिने कुनै कारण भए सो खुलाई सम्बन्धित कार्यालय र आवेदक संस्थालाई बैठक बसेको ३ दिन भित्र लिखित जानकारी दिनु पर्नेछ ।

(३) जिल्ला भित्र रहेका एकल विषयका प्रारम्भिक संस्थाहरु मध्ये एक चौथाई भन्दा कम सदस्य रहेको विषयगत जिल्ला संघले सदस्यता बढाउन विशेष कार्यक्रम संचालन नगरे निस्क्रिय संघको रुपमा अभिलेख राखिनेछ । त्यस्तै जिल्ला भित्र रहेका संचालनमा रहेका कूल संस्थाहरु मध्ये कम्तिमा २० प्रतिशतले सदस्यता नलिएका जिल्ला सहकारी संघलाई पनि निस्क्रिय संघको रुपमा अभिलेख राखिनेछ ।

(४) संघमा आबद्ध नभएका सहकारी संस्थालाई सरकारले उपलब्ध गराउने सुबिधाहरु उपलब्ध नगराउने नीति अवलम्बन गरिनेछ । सदस्यताका लागि निवेदन दिइएको तर सदस्यता दिने प्रक्रियामा रहेको अवस्थामा र जिल्ला भित्र जिल्ला सहकारी संघ/विषयगत जिल्ला संघ एवं विषयगत केन्द्रिय संघ पनि गठन नभएको अवस्थामा भने सुबिधा सिफारिसमा संघको सदस्यता अनिवार्य गरिने छैन ।

(५) विषयगत जिल्ला संघमा समान प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरु मध्येबाट कम्तिमा २५ प्रतिशत र जिल्ला सहकारी संघमा सम्बन्धित जिल्लामा दर्ता भएका सबै प्रारम्भिक संस्थाहरु मध्ये कम्तिमा २० प्रतिशत भन्दा कम सदस्य भएका संघहरु खारेज गरी अर्को संघ गठन प्रक्रिया अघि बढाउने काम सम्बन्धित कार्यालयले गर्न सक्नेछ ।

(६) विषयगत संघहरुले मिल्दो प्रकृतिको नाम वा काम गर्ने संघ संस्थाहरुलाई मात्र सदस्यता दिन सक्नेछन ।

(७) जिल्ला संघले विषयगत जिल्ला संघहरु र जिल्ला भित्रका सवै प्रारम्भिक संस्थाहरुलाई तोकिएको समान आधारमा सदस्यता दिनु पर्नेछ ।

१५. **विषय पहिचान सम्बन्धी व्यवस्था** : विषयगत केन्द्रिय संघ दर्ता गर्नु अघि विभागले राष्ट्रिय सहकारी संघसंग परामर्श गर्नेछ ।

१६. **वचत तथा ऋण परिचालन निर्देशिका** :

(१) वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले संचालक समितिले स्वीकृत गरेको वचत तथा ऋण परिचालन निर्देशिका सम्बन्धित कार्यालयमा पेश गरी कारोवार शुरु गर्नु पर्नेछ ।

(२) संस्थाले बचत तथा ऋणको कारोवार गर्दा उपदफा (१) बमोजिको निर्देशिकाको अनुशरण गर्नु पर्नेछ ।

(३) निर्देशिका तर्जुमा गर्दा विभागले जारी गरेको मापदण्डलाई अनिवार्य रुपमा अनुसरण गर्नु पर्नेछ । प्रत्येक आर्थिक वर्षमा निर्देशिका पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्नु पर्नेछ ।

(४) संस्थाको लेखा समितिले परीक्षण गर्दा, लेखा परीक्षकले लेखापरीक्षण गर्दा र कार्यालय वा विभागले अनुगमन गर्दा निर्देशिकाको पालना भए नभएको समेत परीक्षण गर्नु पर्नेछ । निर्देशिका पालनामा देखिएको त्रुटी औंल्याउनु लेखा समिति, लेखापरीक्षक र अनुगमनकर्ताको कर्तव्य हुनेछ ।

(५) निर्देशिका परिमार्जन वा तर्जुमा गर्दा कार्यालयले दिएको निर्देशनलाइ समेत समेटनु संघ संस्थाहरुको दायित्व हुनेछ ।

१७. **विनियम संशोधन नगरिने** :

(१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।

(२) साधारण सभामा विनियम संशोधन प्रस्ताब गर्नु पूर्व सम्बन्धित कार्यालयबाट प्रचलित कानून, विभागले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम भए नभएको बारेमा सैद्धान्तिक सहमति लिनु पर्नेछ । पूर्व सहमति नलिइ गरिएको परिमार्जन प्रचलित कानून, विभागले जारी गरेको मापदण्ड र

निर्देशन बमोजिम नभए रजिष्ट्रार वा निजले तोकेको कर्मचारीले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

१८. **सहकारी संघ संस्था दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु** : सहकारी संघ संस्था दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## संस्थाहरुको कार्य क्षेत्र

१९. **कार्यक्षेत्र** :

(१) बसोबासको आधारमा दर्ता हुने बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थालाई दर्ताको समयमा देहाय बमोजिम हुने गरी कार्यक्षेत्र तोकिने छ ।

(क) **गाँउ विकास समिति क्षेत्र** : एक गाँउ विकास समिति कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना सोही गाविसका बासिन्दाहरुले आवेदन गर्दा एक गाँउ विकास समिति कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ ।

तर प्रत्येक जोडिएका गाँउ विकास समितिका थप भिन्न परिवारका २५ जना स्थानिय बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ गाँउ विकास समितिसम्म कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्न सकिनेछ ।

(ख) **नगरपालिका क्षेत्र** : एक नगरपालिकाको जोडिएका २ वटा वडा कार्य क्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा नगरपालिकाको २ वटा जोडिएका वडा कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ ।

तर प्रत्येक जोडिएका २ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा नगरपालिका भर कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्न सकिनेछ ।

(ग) **उपमहानगरपालिका/महानगरपालिकाक्षेत्र**: उपमहानगरपालिका र महानगरपालिकाको १ वटा वडा कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा १ वटा वडा कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ ।

तर प्रत्येक जोडिएका १ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ वटा वडा कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्न सकिनेछ ।

(२) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले उपदफा (१) को आधारमा एकै जिल्ला भित्रका जोडिएका गाँउ विकास समिति र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाका वडा क्षेत्र समेत जोडी कार्यक्षेत्र कायम गर्न माग गर्न सक्नेछन ।

(३) कृषि, उद्योग तथा व्यावसायिक प्रकृतिका सहकारी संस्थाको हकमा उक्त संस्थाले प्रदान गर्ने सेवा वा उत्पादनको प्रकृति, सदस्यता र भौगोलिक अवस्था हेरी रजिष्ट्रारको स्वीकृतिमा एक जिल्लासम्म कार्यक्षेत्र राखी संस्था दर्ता गर्न सकिनेछ ।

तर ठूलो कार्यक्षेत्र चाहिने स्वास्थ्य सेवा, संचार, यातायात, विद्युत उत्पादन र वितरण, कृषि उत्पादन, भण्डारण, प्रशोधन र बजारिकरण एवं अन्य उद्योगहरु स्थापना गर्ने सहकारी संस्थाको हकमा पेश गरिएको कार्य योजना, सम्भाव्यता र पुरानो संस्थाको हकमा प्रगति समेतको आधारमा एक जिल्ला भन्दा बढी कार्यक्षेत्रको लागि रजिष्ट्रारले स्वीकृति प्रदान गर्न सक्नेछ । यस्तो व्यापक कार्यक्षेत्र भएका संस्थाहरुले बचत तथा ऋणको कारोवार गर्न पाउने गरी उद्देश्य निर्धारण गर्न पाउने छैनन् ।

२०. **बचत तथा ऋणको कारोवार गर्ने संस्थाको कार्य क्षेत्र विस्तारको आधार :**

(१) संस्थाको कार्यक्षेत्र विस्तारका लागि संस्थाले देहायका शर्तहरु पुरा गरेको भए रजिष्ट्रारको स्वीकृति लिई सम्बन्धित कार्यालयले दफा १९ अन्तर्गतको कार्य क्षेत्रको अधिनमा रही जिल्ला भर वा जिल्लाका केही क्षेत्र थप गरी कार्यक्षेत्र विस्तार गर्न स्वीकृति दिन सक्नेछ ।

(क) नियमित रुपमा लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको विवरण खुल्ने कागजात पेश गर्नु पर्ने ।

(ख) जिल्ला भित्रको आंशिक कार्यक्षेत्र विस्तार गर्न संस्था संचालनमा आएको कम्तिमा २ आर्थिक वर्ष पुरा भएको हुनु पर्ने । जिल्ला भर कार्यक्षेत्र विस्तार गर्न भने संस्था संचालनमा आएको कम्तिमा ५ आर्थिक वर्ष पुरा भएको हुनु पर्नेछ ।

(ग) लेखापरीक्षण प्रतिवेदन र सम्बन्धित कागजातबाट संस्था प्रचलित कानून तथा विभागले जारी गरेको मापदण्ड बमोजिम संचालन भएको, संस्थाको कारोवार उत्कृष्ट रहेको, सदस्य संख्यामा उल्लेख्य बृद्धि भएको र निरन्तर मुनाफामा संचालन भएको प्रमाणित हुनु पर्ने ।

(घ) प्रचलित सहकारी ऐन, नियम र विभागले जारी गरेको मापदण्ड र निर्देशनहरुको पालना गरेको विवरणलाई संस्थाको निरीक्षण प्रतिवेदनबाट पुष्टि हुनु पर्नेछ ।

(ङ) करको दायरा भित्र पर्ने सहकारी संस्थाले आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्बर लिएको र नियमानुसार कर दायित्व फरफारक गरेको हुनु पर्ने ।

(च) कार्यक्षेत्र विस्तार गर्न साधारण सभाको स्वीकृति आबश्यक हुने ।

(छ) विगत वर्षहरुमा संस्थाको सदस्य संख्या बृद्धि दर उत्साहजनक हुनु पर्ने ।

(ज) संस्थाले जिल्ला सहकारी संघ, विषयगत संघ र राष्ट्रिय सहकारी बैंकको शेयर सदस्य लिएको हुनु पर्ने ।

(झ) संस्थाको शेयर सदस्य संख्या ५०० भन्दा बढी भएको हुनु पर्ने ।

(ञ) जिल्ला भित्रको आंशिक क्षेत्रहरु कार्यक्षेत्र विस्तारको माग गर्ने संस्थाको चुक्ता शेयर पूँजि कम्तिमा रु. ५० लाख र जिल्लाभर कार्यक्षेत्र माग गर्ने संस्थाको चुक्ता पूँजि रु. १ करोड आवश्यक हुनेछ । काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भित्रका संस्थाहरुले जिल्लाभर कार्यक्षेत्र विस्तार माग गर्दा चुक्ता पूँजि रु. २ करोड भन्दा बढी हुनु पर्नेछ । पूँजिको विवरण प्रमाणित गर्न लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) काठमाडौ उपत्यका भित्रका कुनै एक जिल्ला भरी कार्यक्षेत्र भएको संस्थाले काठमाडौ उपत्यकाका ३ जिल्ला भित्रका जोडिएका गा.वि.स. वा नगरको वडा कार्यक्षेत्र विस्तारका लागि माग गरेमा देहायका थप शर्तहरु पुरा भएको आधारमा सम्बन्धित कार्यालयको सिफारिशमा रजिष्ट्रारले स्वीकृति दिन सक्नेछ :

(क) संस्थाको सदस्य संख्या २ हजार भन्दा बढी पुगेको ,

(ख) शेयर पूँजी र जगेडा कोष समेत संस्थाको जम्मा पूजिँ रु. ६ करोड भन्दा माथि पुगेको,

(ग) संस्था स्थापना भएको कम्तिमा ६ वर्ष पुरा भएको,

(घ) आफ्नै भवनबाट कारोवार संचालन गरेको, र

(ङ) उप दफा (१) बमोजिमको खण्ड (ख), (झ) र (ञ) बाहेकका अन्य शर्तहरु पुरा भएको हुनुपर्नेछ । शर्तहरु पुरा भए नभएको छानविन गरी रजिष्ट्रारले आवश्यकता र औचित्यताका आधारमा कार्यक्षेत्र तोकी क्षेत्र विस्तारको लागि स्वीकृति दिन सक्नेछ ।

(३) एक पटक कार्यक्षेत्र थप भएपछि न्यूनतम २ आर्थिक वर्ष व्यतित नभई पुनः कार्यक्षेत्र थप गरिने छैन ।

(४) एक जिल्ला भित्रका दुई वा दुई भन्दा बढी एकै प्रकृतिका संस्थाहरु एउटै संस्थामा गाभिन आएमा वा अर्को नामबाट संस्था संचालन गर्ने गरी प्रक्रिया पुरा गरी एक अर्कामा गाभिएमा गाभिएका संस्थाहरुले कारोवार गरेका क्षेत्रहरु समेत कार्यक्षेत्र कायम गर्न सम्बन्धित कार्यालयको सिफारिशमा रजिष्ट्रारले स्वीकृति दिन सक्नेछ ।

(५) कुनै गाँउ विकास समितिमा कुनै विषयको व्यवसाय गर्ने संस्थाको अभाव भई जनतामा सहकारी सेवा विस्तार नभएको अवस्थामा स्थानिय निकायको सिफारिशमा स्तरिय ढंगले संचालनमा रहेको कुनै मिल्दो व्यवसाय गर्ने संस्थाको कार्यक्षेत्र कायम गरी सहकारी सेवाको पँहुच विस्तार गर्न शर्त सहित रजिष्ट्रारले स्वीकृति दिन सक्नेछ ।

(६) कार्यक्षेत्र थपको माग गर्दा कार्यक्षेत्र विस्तार गरिने क्षेत्रका बासिन्दाहरुको सदस्यता माग सम्बन्धी विवरण (नाम, ठेगाना, नागरिकता र हस्ताक्षर) पेश गर्नु पर्नेछ ।

२१. **कार्यक्षेत्र सीमित गर्ने वा स्थानियकरण गर्ने प्रक्रिया** :

(१) विगतमा दर्ता हुँदा एक जिल्लाभर कार्यक्षेत्र स्वीकृत भएका सहकारी संस्थाहरुको कार्यक्षेत्र सोही जिल्लाभर कायम रहनेछ ।

(२) संस्था दर्ता हुँदा एक भन्दा वढी जिल्लाहरु कार्यक्षेत्र राखिएका वचत तथा ऋणको कारोवार गरेका संस्थाहरुको कारोवार नभएका जिल्लाहरुको कार्यक्षेत्र कार्यालयले घटाउन विभागमा लेखी पठाउनु पर्नेछ ।

(३) खण्ड (ख) बमोजिम समायोजन गर्दा पनि एक भन्दा वढी जिल्ला कार्यक्षेत्र कायम रहने भए यस प्रकृतिका सहकारी संस्थाहरुले २ वर्ष भित्र स्थानियकरण गरी संस्थाको कार्यक्षेत्र एक जिल्ला भित्र सिमित गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तत्काल स्थानीयकरण हुन नसकेमा यो मापदण्ड जारी भएको मितिले ६ महिना भित्र सम्बन्धित कार्यालयको सिफारिशमा विभागको पूर्व स्वीकृति लिई विनियम संशोधन गरी सदस्य संख्याको अनुपातमा अन्य जिल्लाबाट संचालक समितिमा प्रतिनिधित्व गराउने गरी १ वर्ष भित्र विनियम संसोधन गरी निर्वाचन सम्पन्न गराउनु पर्नेछ ।

(५) एक जिल्ला भन्दा बढी जिल्लामा कार्यक्षेत्र भई बचत तथा ऋणको कारोवार गरिरहेका संस्थाले स्थानिय व्यवस्थापनका लागि सो जिल्लाबाट निर्वाचित संचालकको संयोजकत्वमा एक व्यवस्थापन उप समिति बनाई स्पष्ट कार्यादेश दिई कामकाजको जिम्मेवारी स्थानिय तहमा विकेन्द्रित गर्ने व्यवस्था मिलाउनु पर्नेछ । प्रत्येक जिल्लाको सदस्य र कारोवारको लेखा अलग्गै राखी सोको विवरण सम्बन्धित कार्यालयमा मासिक रुपमा पेश गर्नु पर्नेछ ।

(६) एक जिल्ला बाहेक अन्य क्षेत्रमा बचत तथा ऋणको कारोवार गरिरहेका संस्थाहरुले तोकिए बमोजिम स्थानियकरण नगरेमा वा सबै जिल्लाबाट सदस्य संख्याको आधारमा संचालक समितिमा प्रतिनिधित्व गराउने र स्थानिय व्यवस्थापनका लागि उप समिति बनाउने व्यवस्था नगरेमा यो मापदण्ड जारी गरिएको २ वर्ष व्यतित भएपछि एक जिल्ला कायम राखी अन्य जिल्लाको सम्पूर्ण कारोवार रोक्ने कार्यवाही सम्बन्धित जिल्ला हेर्ने सहकारी कार्यालयले गर्नु पर्नेछ ।

(७) स्वीकृति नलिई शाखा वा सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी कार्य संचालन गरेको पाइएमा सम्बन्धित कार्यालयले संस्थाको सबै कारोवार वा आंशिक रुपमा निक्षेप लिने र ऋण दिने कारोवारमा रोक लगाउनेछ ।

२२. **कार्य क्षेत्र विभाजन प्रक्रिया** : एउटै सहकारी संस्थाले ठूलो भौगोलिक क्षेत्र ओगटी धेरै संख्यामा सदस्यता बितरण गरेको तर सदस्यको संख्या तथा भौगोलिक क्षेत्रको व्यापकताले व्यवस्थापन गर्न कठिनाइ परेको, र साधारणसभा सम्पन्न गर्न समस्या परेको अवस्थामा कार्यक्षेत्रको बिभाजन गरी स्थानियकरण गर्ने प्रक्रिया अवलम्वन गर्न सक्नेछन् ।

२३. **सम्पर्क कार्यालय वा सेवा केन्द्र खोल्ने सम्बन्धी व्यवस्था** : स्वीकृत कार्यक्षेत्र भित्रका सदस्यहरुलाई प्रभावकारी सेवा प्रवाह गर्न केही संख्यामा सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गर्न विभागले स्वीकृति दिन सक्ने छ । यसका लागि संस्थाको सघन अनुगमनबाट संस्थाले प्रचलित कानून र विभागबाट दिइएको निर्देशन र मापदण्डको अनुसरण गरेको सघन अनुगमनबाट प्रमाणित हुनु पर्नेछ ।

## परिच्छेद-४

## बचत संकलन, ऋण लगानी, व्याजदर र तरलताको सीमाहरु

२४. **निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा :**

(१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित गर्नु पर्नेछ ।
तर वित्तीय निकायहरुको सुबिधा नपुगेका क्षेत्रहरुमा सामाजिक तथा संगठित संघ संस्थाहरुको वचत निक्षेप स्वीकार गर्न यस प्राबधानले बाधा पुऱ्याएको मानिने छैन ।

(२) संकलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(३) संस्था संघ र बैंकले बैंकहरुमा खाता खोलेको र वन्द गरेको जानकारी ७ दिन भित्र विभाग वा सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो सदस्यसंग निक्षेप संकलन गर्दा प्राथमिक पूँजि कोषको वढीमा १० (दश) गुणासम्म मात्र संकलन गर्न सक्नेछ ।

२५. **व्याज दर सम्बन्धी व्यवस्था :**

(१) सामान्यतया संस्थाले वचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण प्रचलित वजार दरको आधारमा गर्नु पर्नेछ । यसरी व्याजदर निर्धारण गर्दा संस्थाले अन्यत्रबाट लिएको ऋणको रकम वा सदस्यहरुको वचत निक्षेपमा दिइने ब्याजदर र सदस्यहरुलाई प्रवाह गरिने कर्जा वा ऋणमा लिइने औसत ब्याजदरको अन्तर ६ प्रतिशत भन्दा वढी हुने गरी तोक्न पाइने छैन । लिने दिने व्याज दर सहकारी संस्थाहरुको वीचमा रहेको चलन चल्तीको दर भन्दा अधिक भएको पाइएमा बढी लिने दिने गरेको व्याज वापतको रकम सम्बन्धित सदस्यलाई फिर्ता बुझाउनु पर्नेछ ।

(२) संस्थाले कर्जा र निक्षेपको ब्याज दर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाईने छैन । लिने दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुऱ्याइएको रकम संचालकहरुबाट असूल उपर गरिनेछ ।

(३) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ ।

(४) निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रुपले संचालक समितिबाट निर्णय गराई लागू गर्नु पर्नेछ ।

(५) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्न सकिनेछ ।

(६) कर्जामा सम दर तथा चक्रवृद्धि ब्याज लगाउन पाईने छैन ।

(७) विभिन्न किसिमका वचतमा दिइने व्याज दर साधारण सभाले स्वीकृत गरेको वचत नीति अनुसार हुनेछ ।

२६. **निक्षेप संकलन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नु पर्ने :**

(१) संस्था, संघ वा बैंकको संचालक समितिले वचत निक्षेप, ऋण लगानी, व्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त, प्रकृया तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२)संस्था, संघ वा बैंकले निर्धारण गरेको व्याजदरको विवरण समय समयमा सम्बन्धित कार्यालयले माग गरेको समयमा पेश गर्नु पर्नेछ । संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

२७. **लेखा राख्ने प्रणाली :** संस्थाका सदस्यहरु वीच लाभांश वितरण प्रयोजनको लागि नगद आधार (Cash basis) मा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधार (Accrual basis) मा कारोवारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसाव (Interest Suspense A/c) मा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ । तर यस

भन्दा अगाडी यो दफा पालना नगरेका संस्थाहरुले २०६८ आषाढ मसान्तभित्र समायोजन गरि सक्नु पर्नेछ ।

२८. **ऋण लगानीका लागि प्रक्रिया तथा सीमाहरु :**

(१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पुँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

(३) सामन्यतया कुनै सदस्यले लिएको ऋणको सावां र व्याज भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन । विशेष परिस्थितिमा कारण खुलाई संचालक समितिको निर्णयले ऋण सम्झौता पुनरावलोकन गरी वा अल्पकालिन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ ।
**स्पष्टिकरण** : यस दफाको प्रयोजनका लागि कूल पुंजीकोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बांडफांड नगरेको लाभांश, कर्जा जोखिम व्यवस्था, डुवन्त ऋण कोष, स्थिरीकरण कोष र घाटापूर्ति कोषको रकमलाई जनाउने छ ।

(४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने छ ।
तर संस्थाले जेथा जमानी नभएका सदस्यहरुलाई कुनै वा केही सदस्यहरुको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम बिना धितो लघु ऋण लगानी गर्न वाधा पर्ने छैन ।

(५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्यांकन प्रकृया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जेथा (Primary Collateral) कम्तिमा ५० प्रतिशत धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

(७) संस्थावाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश ऋणी सदस्यको स्व-पूंजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाइ घरजग्गा खरीद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्था वा संघ वा बैकले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

(८) नेपाल राष्ट्र बैकबाट सीमित बैकिङ्ग कारोवार गर्ने स्वीकृति लिएका संस्थाहरुको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैंकले तोके बमोजिम शर्त पालना गर्न यस मापदण्डले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(९) रु. १० लाख भन्दा माथिको कुल परियोजना लागत निधारण गर्दा संस्थागत मूल्यांकनकर्ताहरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उप समिति सदस्य र ब्यवस्थापकको सामुहिक टोलीले मूल्यांकन गर्नु पर्नेछ ।

(१०) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।

(११) संस्था दर्ता हुंदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

(१२) साधारण सभाको स्वीकृतिमा कर्जा प्रवाह सम्बन्धी प्रशासनिक खर्चका लागि वढीमा १ (एक) प्रतिशतसम्म व्यवस्थापन शुल्क लिने बाहेक कर्जा प्रवाहको नाममा अन्य कुनै शुल्क लिएको पाइएमा सम्बन्धित सदस्यलाइ फिर्ता गराउने र संचालक समितिलाई सचेत गराइनेछ ।

(१३) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नेछ । व्याज पूजिँकरण गर्न पाइने छैन ।

(१४) धितो वापतको सम्पत्ति संघ संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । संचालक वा अन्य कुनै व्यक्ति नाममा राख्न पाइने छैन ।

२९. **समितिका सदस्यले ऋण लिंदा पालन गर्नु पर्ने मापदण्ड :**

(१) संस्थाका संचालक तथा लेखा समितिका ४९ प्रतिशत भन्दा वढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अबधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

(२) संस्थाको संचालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण बार्षिक रुपमा सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

३०. **ऋणको वर्गिकरण**: संघ संस्था वा बैंकले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट सीमति बैकिङ्ग कारोवार गर्ने र राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार र अन्य संस्थाहरुको हकमा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| ऋणको वर्गीकरण | भाखा नाघेको अवधी | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

३१. **पेश्की लिन नपाइने :**

(१) संस्थाका सञ्चालक, व्यवस्थापक, र लेखासमितिका पदाधिकारीहरुलाई काम र पेश्की फछ्र्योटको समय सिमा नतोकी पेश्की दिन पाइने छैन ।

(२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

३२. **तरलता सम्बन्धी व्यवस्था :**

(१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरिनेछ ।

(२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

३३. **सहकारी उद्योग व्यवसायमा लगानी :**

(१) विभागको पूर्व स्वीकृतिमा संस्थाले जगेडा कोषमा राखिएको रकमबाट वचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाको हकमा ५० प्रतिशत र अन्य सहकारी संस्थाको हकमा बढीमा ८० प्रतिशत सम्म र पूँजी निक्षेपको अनुपात कायम रहने गरी थप पुँजी सिर्जना गरी संस्थागत विकासका लागि वा सहकारी संघ संस्थाहरुको संयुक्त लगानीमा स्थापना हुने वित्तिय कारोवार वाहेकका उद्योग व्यवसायमा लगानी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लगानी गर्न साधारण सभाको सहमति आवश्यक हुनेछ ।

३४. **संरक्षित पूँजी फिर्ता कोष :**

(१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई बांडफांड गरी भुक्तानी गर्नका लागि संस्थासंग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमूलक सहकारी संस्थाको हकमा संस्थासंग गरेको खरीद तथा विक्री कारोवार र शेयर लगानीका अतिरिक्त अन्य कारोबार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नु पर्नेछ ।

३५. **लाभाशं वितरणमा प्रतिवन्ध** : सहकारी संस्थाले संस्थाको अघिल्लो वर्ष सम्मको खुद संचित नोक्सान पुरा नभएसम्म सदस्यहरुलाई लाभांश वाड्न पाईने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरुलाई लाभांश बाड्न पाइने छैन ।

## परिच्छेद-५
## संघहरुको काम कर्तव्य र दायित्व

३६. **राष्ट्रिय सहकारी संघ** : राष्ट्रिय सहकारी संघले आफ्नो विनियमको अधिनमा रही सहकारी क्षेत्रको विकास र प्रवर्द्धनकामा केन्द्रित रहदै देहायका कामहरु समेत गर्नु पर्नेछ :-

(क) सहकारी सम्वन्धी नीति तथा योजना निर्माणमा सरकारलाई सहयोग पुऱ्याउने ।

(ख) सहकारीका क्षेत्रमा वनेका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न गराउन सहकारी संघ संस्थाहरुलाई क्रियाशिल बनाउने ।

(ग) केन्द्रीय, जिल्ला सहकारी संघ र विषयगत संघहरुको समन्वय एवं क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्ने ।

(घ) अन्तर्राष्ट्रिय क्षेत्रमा सहकारी सम्बन्ध विस्तार गर्ने ।

(ङ) सहकारीको आचारसंहिता तर्जुमा गरी लागू गर्ने र सो को अनुगमन गर्ने ।

(च) सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।

(छ) सहकारी क्षेत्रको विकासका लागि रचनात्मक ढंगले पैरवी गर्ने ।

(ज) संघ संस्थाहरु वीच समन्वयको भूमिका निर्वाह गर्ने ।

(झ) जनचेतना अभिबृद्धिका लागि सहकारीका सूचना र सन्देशमूलक कार्यक्रमहरु संचालन गर्ने ।

(ञ) सहकारी क्षेत्रमा विधमान विसंगति र विकृतिहरु न्यून गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने ।

(ट) सहकारीका मूल्य र सिद्धान्तहरुको प्रयोग प्रबर्द्धन गर्ने ।

३७. **विषयगत केन्द्रीय संघः** विषयगत केन्द्रिय संघहरुले आफ्नो विनियमको अधिनमा रही सम्वन्धित संघ संस्थाहरुको विकास तथा प्रबर्द्धनका लागि देहायका कामहरु समेत गर्नु पर्नेछ :-

(क) सहकारीका मूल्य र सिद्धान्तहरु तथा प्रचलित कानून र विभागबाट जारी हुने मापदण्डहरुको कार्यान्वयनका लागि आफ्ना सदस्य संघ संस्थाहरुलाई उत्प्रेरित गर्ने ।

(ख) सदस्य संघ संस्थाहरुको अनुगमन गरी स्वनियमनको अभ्यास गराउने ।

(ग) सहकारी क्षेत्रको विषयगत र समष्टिगत नीति निर्माणमा सरकारका सम्बद्ध निकायरुलाई सुझाव दिने ।

(घ) आफ्ना सदस्य संघ संस्थाहरुमा उत्पन्न हुने विवाद समाधान गर्न मध्यस्थताको काम गर्ने ।

(ङ) संघ संस्थाहरुको क्षमता अभिबृद्धि, सहकारी उत्पादनको बजारिकरण, र आवश्यक प्रबिधि/प्राबिधिक सेवा उपलब्ध गराउन समन्वय र सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

(च) आपसी सहकारी सहयोगका कार्यक्रमहरु संचालन गर्ने ।

(छ) सहकारी शिक्षा र सूचना सम्प्रेषणका लागि प्रभावकारी कार्यक्रमहरु संचालन गर्ने ।

(ज) विषय सँग सम्बन्धित प्रारम्भिक सहकारी संस्थाहरुको संचालक समिति, लेखा समिति र अन्य पदाधिकारी कर्मचारीहरुमा सहकारी सिद्धान्त र मूल्यहरुको ज्ञान अभिबृद्धि गर्न, संस्था संचालनका लागि आवश्यक पर्ने व्यवस्थापन क्षमता र लेखा राख्ने तथा परिक्षण गर्ने सीप अभिबृद्धि गर्न तथा व्यावसायीक क्षमता अभिबृद्धि गर्न अनिवार्य रुपमा विभिन्न अबधिका तालीमहरु संचालन गर्ने ।

(झ) सहकारी क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार तथा उपयोग गर्ने ।

३८. **जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ :**

(१) जिल्ला सहकारी संघले जिल्ला भित्रका सबै प्रारम्भिक संस्थाहरुको विकास र प्रबर्द्धनका लागि देहायका कामहरु गर्नु पर्नेछ :-

(क) सहकारी संस्थाहरु वीच एकताको भावनाको विकाश गर्ने ।

(ख) राष्ट्रिय सहकारी दीवसको जिल्ला तहमा संयोजन गर्ने ।

(ग) जिल्ला भित्र रहेका सबै सहकारी संस्थाहरुलाई सदस्यता विस्तार गर्ने ।

(घ) राष्ट्रिय सहकारी संघमा सदस्यता लिई सहकारीको नेतृत्व विकासमा योगदान पुऱ्याउने ।

(ङ) पूर्व सहकारी शिक्षा तथा आधारभूत सहकारी शिक्षा सम्बन्धी तालिम कार्यक्रमहरु संचालन गर्ने ।

(च) राष्ट्रिय सहकारी संघलाई सहकारी क्षेत्रको विकास लागि आवश्यक राय सल्लाह दिने ।

(छ) सहकारी प्रति जनचेतना अभिबृद्धि गर्न स्थानिय स्तरमा विभिन्न वर्ग र समुदायका वीच पुग्ने गरी सहकारी जागरणका कार्यक्मकहरु संचालन गर्ने ।

(ज) सहकारी संस्थाहरुको हित प्रबर्द्धन गर्न जिल्ला तहको सहकारी छाता संगठनको रुपमा समग्र नेतृत्व वहन गर्ने ।

(झ) सहकारी विधिको आर्थिक विकास गर्न सहकारीका मूल्यहरु र सिद्धान्तहरुको प्रबर्द्धन गर्ने ।

(ञ) जिल्ला तहमा सहकारी संजाल निर्माण गरी समन्वयात्मक ढंगले सहकारीको विकाशमा सरकारी, सहकारी, निजी क्षेत्र र गैर सरकारी सहयोगी संस्थाहरु वीच समन्वयको भूमिका निर्वाह गर्ने ।

(ट) जिल्ला तहमा सहकारी सूचना व्यवस्थापन र प्रशारणको व्यवस्था मिलाउने ।

(ठ) दुई वा दुई भन्दा बढी जिल्लाहरु वीच समन्वय गरेर संचालन गर्नु पर्ने कार्यहरुको लागि राष्ट्रिय सहकारी संघको सहयोग लिई संयुक्त कार्यक्रमहरु संचालन गर्ने ।

(ड) संस्थाहरु वीचका समस्याहरु समाधान गर्न मध्यस्थताको भूमिका निर्वाह गर्ने ।

(ढ) संस्थाहरु वीच देखिने अस्वस्थ प्रतिस्पर्धा न्यून गर्न पहल गर्ने । स्वस्थ र सक्षम सहकारी संस्थाहरुको विकाशका लागि मर्जर कार्यक्रमहरु संचालन गर्ने ।

(२) विषयगत जिल्ला सहकारी संघले जिल्ला भित्रका आफ्ना विषयका प्रारम्भिक संस्थाहरुको विकास र प्रबर्द्धनका लागि देहायका कामहरु गर्नु पर्नेछ :-

(क) व्यवसाय प्रबर्द्धनका लागि समन्वयको भूमिका निर्वाह गर्ने ।

(ख) बजारको खोजी गरी सदस्य संस्थाहरुलाई सूचना प्रवाह गर्ने ।

(ग) वस्तु तथा सेवाको उत्पादनमा प्राविधिक सेवा उपलब्ध गराउने ।

(घ) संस्थाहरुमा स्वअनुशासन कायम गराउन अनुगमन गरी सुधारका लागि सुझाव गर्ने ।

(ङ) माथिल्ला संघहरुमा आवद्ध हुने र प्रतिनिधित्वलाई प्रभावकारी बनाउने ।

(च) सदस्य संस्थाहरुमा सहकारी शिक्षा र सूचनाको प्रबर्द्धन गर्ने ।

(छ) सहकारी प्रति जनचेतना अभिबृद्धि गर्न स्थानिय स्तरमा सहकारी जागरणका कार्यक्मकहरु संचालन गर्ने ।

(ज) संस्थाहरुका समस्याहरु समाधान गर्न गराउन पहल गर्ने ।

(झ) संस्था संचालनमा देखिने कमजोर पक्षहरुमा सुधारका लागि नेतृत्व लिने ।

(ञ) आफ्नो विषयगत केन्द्रिय सहकारी संघलाई सहकारी क्षेत्रको विकास लागि आवश्यक राय सल्लाह दिने ।

(ट) पूर्व सहकारी शिक्षा तथा आधारभूत सहकारी शिक्षा सम्बन्धी तालिम कार्यक्रमहरु संचालन गर्ने ।

३९. **सहकारी प्रबर्द्धन कोष** : सहकारी संघ संस्थाहरुको सबैभन्दा माथिल्लो संगठन राष्ट्रिय सहकारी संघले संघ, संस्था, बैंक, दातृ निकायहरु र सरकारको सहयोगमा सहकारी प्रबर्द्धन कोषको स्थापना गरी सहकारी उद्योग व्यवसाय र जोखिममा परेका वा रहेका संघ संस्थाहरुलाई सहयोग पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने ।

४०. **स्थानिय सहकारी प्रवर्द्धन र विकास कार्यक्रम** : सहकारी प्रवर्द्धन र विकासमा जिल्लास्तरका कार्यक्रमहरु सम्बन्धित जिल्ला सहकारी संघहरुले संयोजन र समन्वय गर्नु पर्नेछ । कार्यालयहरुले यस्ता कार्यक्रम बनाउन र सहभागिता बढाउन आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

४१. **अनिवार्य सदस्यता र व्यावसायिक इकाई निर्माण** :

(१) प्रारम्भिक संस्थाहरुले अनिवार्य रुपमा जिल्ला सहकारी संघ र विषयगत जिल्ला संघको सदस्यता लिनु पर्नेछ ।

(२) विभागको स्वीकृतिमा सहकारी वीचको आर्थिक सहकार्य बढाउने स्पष्ट उद्देश्य सहित सहकारीका व्यावसायीक इकाई निर्माण गर्न सकिनेछ । स्पष्ट आधार र काम कर्तव्य र अधिकार किटान गरी मात्र यस्तो इकाइ निर्माणमा स्वीकृति दिइनेछ ।

(३) संस्थाहरुलाई संघमा आबद्ध गराउने विशेष कार्यक्रम संचालन गर्नु संघहरुको जिम्मेवारी हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रममा सहयोग पुऱ्याउनु विभाग र कार्यालयको जिम्मेवारी हुनेछ ।

४२. **निष्कृय संघ संस्था** :

(१) लगातार २ (दुई) वर्ष देखि वार्षिक साधारण सभा नगर्ने सहकारी संघ संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था सम्बन्धित कार्यालयले मिलाउनु पर्नेछ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र विभागले जारी गरेको निर्देशन एवं मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संघ संस्थाहरुलाई नेपाल सरकारबाट उपलव्ध गराइने सेवा सुबिधाहरु उपलब्ध गराइने छैन ।

(३) दुई वर्ष भन्दा बढी अबधिसम्म वार्षिक साधारण सभा नगर्ने संघ संस्थाहरु निष्कृय संघ संस्थाहरुको सूचीमा समावेश गरिनेछ । यस्तो सूचीमा परेकाहरुको सम्पत्ति र दायित्व नरहेको पाइएमा प्रक्रिया पुऱ्याई दर्ता खारेज गरिनेछ । सम्पत्ति र दायित्व बाँकी देखिएमा संस्थाहरु विघटनको प्रक्रियामा लगिनेछ भने संघको हकमा अर्को कानून सम्मत समिति निर्माण गरी सम्पत्ति र दायित्व व्यवस्थापन गराउनु पर्नेछ । संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(४) जिल्ला सहकारी संघ तथा विषयगत जिल्ला सहकारी संघहरुको सक्रियताका बारेमा सम्बन्धित कार्यालयले अनुगमन गरी वार्षिक प्रतिवेदन विभागमा पठाउनु पर्नेछ ।

(५) निस्क्रिय रहेका जिल्ला स्तरीय सहकारी संघहरुको सक्रियताका लागि राष्ट्रिय संघ र केन्द्रिय संघहरुले पहल गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कार्यको लागि कार्यालयहरुवाट आवश्यक सूचना र सहयोग उपलब्ध गराउनु पर्नेछ ।

४३. **दर्ता खारेजीको जानकारी गराउने** : विभाग वा कार्यालयले सहकारी संघ संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरुलाई दिनु पर्नेछ ।

४४. **वार्षिक अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने** : आफ्नो सदस्य संस्थाहरुको नियमित वा नमुनाको रुपमा अनुगमन गरी वर्षको एकपटक सोको एक प्रति सुझावहरु सहितको समष्टिगत प्रतिवेदन जिल्ला स्थीत संघहरुले सम्बन्धित कार्यालयमा र केन्द्रिय संघहरुले विभागमा उपलब्ध गराई कार्यालय र विभागको कामलाई थप प्रभावकारी बनाउन र स्वनियमनको सिद्धान्तलाई व्यावहारिक प्रयोग गर्ने कार्यमा योगदान पुऱ्याउनु पर्नेछ ।

४५. **सहकारी संस्थाहरुको गुणात्मकता बृद्धि सम्बन्धी व्यवस्था** :

(१) एकै क्षेत्र वा स्थानमा एकै प्रकृतिका धेरै संस्थाहरु छन् भने त्यस्तो संस्थाहरुको एकीकरणलाई प्रोत्साहन गर्न एक जिल्लाभित्रका दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेका कार्यक्षेत्र गाभ्ने गरी एकीकरणको स्वीकृति दिन सकिनेछ ।

(२) गाँउ बिकास समिति वा नगरपालिका वा उप महानगरपालिका र महानगरपालिकको कुनै टोल वा वडामा एकै प्रकृतिका धेरै सहकारी संस्था भई अस्वस्थ प्रतिस्पर्धा सिर्जना भएको वा अर्को सोही प्रकारको सहकारी संस्थाको विकासको सम्भावना नदेखिएमा त्यस्ता क्षेत्रमा संस्थाहरु एकिकरणलाई प्रोत्साहन गरी थप संस्था दर्ताको कार्यलाई विभागले रोक लगाउन सक्नेछ ।

# परिच्छेद-६
## लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु

**४६. लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु :**

(१) रु. १ करोड भन्दा वढी वचत परिचालन गर्ने संस्था वा संघ वा बैंकको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित नियमनकारी कार्यालयमा लङ फर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) कार्यक्षेत्र वाहिर र गैर सदस्यसँग कारोवार गरे नगरेको, गरेको भए त्यस्ता व्यक्ति वा निकायहरुको संख्या र कारोवारको विवरण ।

(ख) वचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाको PEARLS का आधारमा वित्तिय अवस्था ।

(ग) शेयर सदस्यहरुलाई शेयर लगानीको १५ प्रतिशतसम्म मात्र लाभांश वाड्न पाइने प्रावधान विपरित अन्य कुनै नामबाट थप रकम उपलव्ध गराए नगराएको, गराएको भए सो को विवरण स्पष्ट रुपमा उल्लेख गर्ने ।

(घ) अध्यक्ष वा समितिका अन्य पदाधिकारी र प्रमुख व्यवस्थापकले लिएको पारिश्रमिक तथा अन्य सुबिधाहरु र सो को आधार ।

(ङ) अध्यक्ष वा समितिका अन्य पदाधिकारी र प्रमुख व्यवस्थापकले लिएको पेश्की रकम, पेश्की लिनुको उद्देश्य र पेश्की लिएको अबधि ।

(च) अध्यक्ष वा समितिका अन्य पदाधिकारी र प्रमुख व्यवस्थापकको नाममा रहेको ऋण रकम, व्याज दर, ऋणको किसिम, भुक्तानीको अवस्था र ऋण स्वीकृतिको प्रक्रिया ।

(छ) निजी कम्पनी वा फर्ममा गरिएको ऋण वा शेयर लगानी र त्यस्तो कम्पनी वा फर्मको धनी वा संचालकहरु एवं सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरु एकै भए नभएको विवरण ।

(ज) जगेडा कोषको व्यवस्था र उपयोग ।

(झ) ढुकुटी, कारोवार काउन्टर र मार्गस्थल नगदको विमा व्यवस्था भए नभएको, भएको भए सो को विवरण ।

(ञ) जोखिम कोषको व्यवस्था र जोखिममा रहेको लगानी ।

(ट) आन्तरिक नियन्त्रण पद्धति प्रभावकारी भए नभएको सो को आधार ।

(ठ) लेखा समितिको सक्रियता र प्रभावकारिता ।

(ड) लिने दिने व्याज दरको औसत स्प्रेड दर र लिने दिने व्याजको स्ल्याव अन्तर ।

(ढ) ऋण प्रवाहमा लिइएको सेवा शुल्कको दर र ऋण प्रवाहको काममा हुने खर्च सँगको तादम्यता ।

(ण) कुल ऋण तथा शेयर लगानी एवं सम्पत्ति खरिदको शिर्षकगत विवरण ।

(त) लगानीको सुरक्षणको अवस्था र धितोको अवस्था ।

(थ) नियमानुसार सरकारी राजस्व कट्टी र दाखिलाको अवस्था ।

(द) कार्यालय वा विभागबाट गरिएको अनुगमन निरीक्षण प्रतिवेदन र सुझावहरुको कार्यान्वयनको अवस्था ।

(ध) साधारण सभा एवं अन्य बैठकको नियमितता ।

(न) विभागले जारी गरेको यस मापदण्ड बमोजिम पालना नगरिएका प्रमुख व्यवस्थाहरु ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्ड सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित सहकारी कार्यालय वा विभागमा लिखित रुपमा सुझाव माग गर्नु पर्नेछ । यसरी सुझाव माग गरिएकोमा कार्यालय वा विभागले १ महिना भित्र स्पष्ट सुझावहरु लिखित रुपमै दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको सुझाव र उपदफा (१) बमोजिमका मापदण्ड अनुसारका यथार्थ विवरणहरु प्रतिवेदनले प्रकाश नपारेमा सो को लेखा परीक्षण गर्ने लेखा परीक्षकलाई

नियमानुसार आवश्यक कारवाहीका लागि आरोपलाई पुष्ट्याईं गर्ने आवश्यक कागजात सहित नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा सम्बन्धित कार्यालय मार्फत उजुरी पठाइनेछ ।

(४) लेखा परीक्षकले लेखापरीक्षण समाप्त भएको १५ दिन भित्र लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्वन्धित संस्थामा अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

(५) लेखापरीक्षण गर्ने अधिकार प्राप्त बहालवाला कर्मचारी सहकारी विभाग वा अन्तर्गत कार्यरत रहेको छ भने सहकारी संघ संस्थाको लेखापरीक्षण गर्न निषेध गरिएको छ । अन्य कुनै इजाजत प्राप्त व्यक्ति वा फर्मको नामबाट काम गरेको पाइएमा सम्बन्धित कर्मचारीलाई विभागिय कार्यवाही हुनेछ साथै अनधिकृत व्यक्तिलाई काम लगाइएको पाइएमा सम्बन्धित व्यक्ति वा फर्मलाई नियमानुसार कार्यवाहीका लागि सम्बन्धित निकायमा नियमानुसार उजुरी गरिनेछ ।

(६) ऐन अनुसार लेखापरीक्षण स्वीकृति लिन अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन र संघ/संस्था/बैंकको वार्षिक विवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । तोकिए बमोजिमको ढाँचामा वार्षिक विवरण नबुझाएमा लेखापरीक्षण स्वीकृति दिइने छैन ।

**४७. लेखापरीक्षकलाई नियमनकारी निकायले कारवाही गर्नु पर्ने :**

(१) दफा ४८ को उपदफा (२) बमोजिम कारवाहीका लागि उजूरी गरिएकोमा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले नियमानुसार त्यस्ता लेखापरीक्षकलाई कारवाही गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र कारवाही नगरेमा त्यस्ता लेखापरीक्षकहरुलाई बढीमा ३ वर्ष सम्म कुनै पनि सहकारी संस्था, संघ र वैंकको लेखापरीक्षण गर्न नपाउने गरी कार्यालय वा विभागले अभिलेख राख्नेछ ।

## परिच्छेद-७

## अनुगमन तथा कारवाही

**४८. अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारी :**

(१) कार्यालय तथा विभागले संघ संस्थाको अनुगमन गर्दा अनुसूची -६ मा उल्लेख भए बमोजिमको ढांचाको फारम प्रयोग गर्नु पर्नेछ ।

(२) कार्यालय तथा विभागबाट संघ संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरु उपलव्ध गराउनु संघ संस्था बैंकका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(३) अधिकार प्राप्त सहकारीका संघहरुले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नु पर्नेछ । आफूले सम्पन्न गरेको अनुगमनको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले ७ दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

(५) गम्भिर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४ घण्टा भित्र लिखित रुपमा सम्बन्धित कार्यालयका प्रमुखलाई जानकारी गराउनु पर्नेछ ।

(६) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले ७ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्था, संघ र बैंकलाइ लिखित जानकारी दिनु पर्नेछ । सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरुलाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानूनी उपचार र मापदण्ड बमोजिमका कार्यवाही अघि बढाउने काम सम्बन्धित कार्यालयका प्रमुखको जिम्मेवारी हुनेछ ।

(७) विभागबाट गरिएको अनुगमनको प्रतिवेदन समेत समय सीमा भित्रै सम्बन्धित कार्यालयमा आवश्यक कार्यवाहीका लागि पठाइनेछ ।

(८) प्रत्येक महिनाको नियमित अनुगमन र कार्यवाहीको विवरण सम्बन्धित कार्यालयले महिना भुक्तान भएको ७ दिन भित्र विभागमा उपलब्ध गराउनु पर्नेछ ।

(९) प्रत्येक कार्यालयले नियमित रुपमा अनुगमनको कार्य संचालन गर्नु पर्नेछ । कार्ययोजना बनाई एक सातामा कम्तिमा ३ (तीन) वटा संस्थाहरुको अनुगमन कार्य सम्पन्न गर्नु पर्नेछ ।

(१०) कर्मचारीले गर्ने अनुगमन र कार्यवाहीको प्रतिवेदनलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाइनेछ ।

४९. **कारवाही सम्वन्धी प्राबधानहरु :** तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गंभिर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछ :-

(क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ ।

(ख) शेयर सदस्यहरुलाई नियमानुसार दिन सकिने लाभांश वाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभांश वाहेकको रकम संचालक समितिका पदाधिकारीहरुबाट दामासाहिका दरले असुल उपर गरी संघ संस्थाको कोषमा दाखिला गराईनेछ ।

(ग) कार्यकारी प्रमुख वाहेक अन्य संचालकले नियमित पारिश्रमिक लिएको पाईएमा सो रकम असूल उपर गरि संघ/संस्थाको कोषमा दाखिला गराइनेछ । तोकिए वमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याज समेत असूल उपर गर्नेछ ।

(घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा संचालक समितिवाट निर्णय गरी साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असूल उपर गर्नु गराउनु पर्नेछ ।

(ङ) प्रचलित कानून र विभागवाट जारी मापदण्डहरु पालना नगरेको पाईएमा संस्था वा संघ वा बैंकले प्राप्त गर्ने सुविधाहरु रोक्का गरिनेछ ।

(च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसंग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासंग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारवाही गरिनेछ ।

(छ) निक्षेप वापत संकलित रकम विभागको स्वीकृति नलिई अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ । यो मापदण्ड जारी भएको मितिले २ वर्ष भित्र यस अघि गरिएको लगानी कार्य योजना बनाई क्रमश फिर्ता नगरे नगराए यस प्रकरण बमोजिमको कारावाई गरिनेछ ।

५०. **विज्ञापन मार्फत सदस्यता बिस्तार गर्नमा प्रतिवन्ध :** संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम ठगीको कसुरमा कारवाही हुनेछ ।

तर संस्था/संघ/बैंकको महत्वपूर्ण निर्णय, विषय र गतिबिधिका वारेमा सदस्यहरु तथा आम नागरिकलाई जानकारी गराउन सूचना तथा श्रव्य दृश्य प्रकाशन तथा प्रशारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन । सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि हुने गरी प्रशारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रम संचालनमा सहयोग र सहकार्य गर्न बाधा पर्ने छैन ।

५१. **कारोवार रोक्का राख्न सकिने :** सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, विभागबाट जारी यो मापदण्ड, परिपत्र र कार्यालय वा विभागले दिएको निर्देशन पालना नगर्ने संस्था, संघ वा वैकको खाता र कारोवार रोक्का राख्न सकिनेछ ।

५२. **ठगिमा कारवाहीका लागि प्रहरीमा लेखि पठाईने** : देहायका कुनै कार्य वा कार्यहरुलाई ठगी प्रकरणका रुपमा लिई संचालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई सम्बन्धित सहकारी कार्यालयले कारावाहीका लागि प्रहरी समक्ष लेखि पठाउनु पर्नेछ ।

(क) गैर सदस्यसंग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा ।

(ख) कार्य क्षेत्र वाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

(ग) यो मापदण्ड जारी भए पछि मापदण्ड विपरित बचत निक्षेपको रकम नीजि व्यवसायमा लगानी गरेमा ।

(घ) निजी प्रयोजनका लागि अनधिकृत रुपमा संचालकहरुले कोषको अपचलन गरेमा ।

(ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी संचालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।

(च) सम्बन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ संचालन गरेमा ।

(छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा ।

(ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

(झ) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।

(ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको संचालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

## परिच्छेद-८
## विविध

५३. **आचारसंहिता सम्बन्धी व्यवस्था** :

(१) संस्था/संघ/बैंकले सहकारी मूल्य र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्था/संघ/बैंकको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागू भएको आचारसंहिता संस्था/संघ/बैंकका पदाधिकारी र सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(३) आचार संहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरुको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछ :-

(क) एक व्यक्ति कुनै एक संघको मात्र संचालक समितिको अध्यक्ष भई काम गर्न सक्नेछन । माथिल्लो वा अन्य प्रकृतिको संघको अध्यक्षमा निर्वाचित भए पछि अघिल्लो संघको पदको जिम्मेवारी वहन गर्न पाइने छैन । अन्य पदाधिकारीहरुको हकमा समेत दोहोरो दायित्व वहन नगर्ने नगराउने व्यवस्था मिलाउनु प्रत्येक संघको संचालक समितिको कर्तव्य हुनेछ ।

(ख) एक व्यक्ति जिल्ला भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य र सिद्धान्त बमोजिम आफ्नो संस्था प्रति प्रतिबद्ध रहनु पर्नेछ । एक जिल्ला भित्रका एक भन्दा बढी समान प्रकृतिका उही कारोवार गर्ने संस्थामा सदस्य भएको पाइएमा एक भन्दा बढी संस्थाको सदस्यता लिने त्यस्ता व्यक्तिको सदस्यता पछिल्लो पटक सदस्यता दिने संस्थाले खारेज गर्नु पर्नेछ ।

(ग) संस्थाका पदाधिकारीहरु अन्य सोही प्रकृतिका कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन । एक भन्दा बढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्बन गरी सम्बन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

५४. **सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्था :**

(१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।

(२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरु बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

(३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाँउमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।

(४) संस्था/संघ/बैंकको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालयको निरीक्षण गर्न सम्बन्धित सहकारी कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(५) संस्था/संघ/बैंकको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ । कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ । कार्यालय स्थापना भएको स्थान वा कार्यालय सरेको स्थानका वारेमा सम्बन्धित सबै सरकारी कार्यालयहरुलाई लिखित रुपमा ७ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

५५. **साइन बोर्ड राख्ने सम्बन्धी व्यवस्था** :

(१) प्रत्येक संस्था/संघ/बैंकले दर्ता प्रमाणपत्रमा उल्लेख भए वमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्ड लेखी संस्था/संघ/बैंकको कार्यालयमा सवैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(२) सहकारीको साइन बोर्डमा एकरुपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

५६. **सदस्य वडापत्र सम्बन्धी व्यवस्था** : संस्था/संघ/बैंकको कार्यालयमा सबैले देखिने गरी सदस्य बडापत्र राख्नु पर्नेछ ।

५७. **मासिक विवरण अध्यावधिक रुपमा राख्ने र कार्यालयमा पठाउने** :

(१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संघ संस्था बैंकको कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।

(२) वार्षिक रु. १ करोड भन्दा वढी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले अनुसूची-६ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले ७ दिन भित्र सम्बन्धित कार्यालयमा विवरण पेश गर्नु पर्नेछ । समयमै विवरण दाखिला नगर्ने संस्थालाई प्रचलित कानून बमोजिम पटकै पिच्छे रु १५००।- सम्म जरिवाना गरी सोको अभिलेख राख्ने र सोको सूचना सार्वजनिक गर्ने कार्य सम्बन्धित कार्यालयले गर्नेछ ।

५८. **PEARLS अनुगमन विधि अनुसार खाता राख्नु पर्ने** : कार्यालय र विभागबाट बचत तथा ऋणको कारोवार गर्ने संस्थाको अनुगमन गर्दा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return and Cost, Liquidity, र Sign of Growth ) को अनुगमन विधि अवलम्बन गरिनेछ । १ करोड भन्दा बढीको वार्षिक कारोवार गर्ने बचत तथा ऋणको कारोवार गर्ने संस्था/संघ/बैंकले वित्तिय कारोवारको लेखा PEARLS अनुगमन विधि सँग तालमेल हुने गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यका लागि लेखा राख्ने कर्मचारीलाई अनिवार्य रुपमा यस विधिको अभ्यास गर्ने गराउने वा तालिम दिनेल व्यवस्था मिलाउनु पर्नेछ ।

५९. **सूचना प्रशारण गरिने** : कुनै संस्था/संघ/बैंकका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून, विभागबाट जारी गरिएको यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरु विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरण सहित संचालकलाई समय सीमा सहित काम कारवाही र कारोवार सच्याउन विभाग वा कार्यालयले दिएको निर्देशन कार्यान्वयन नभएमा विभाग वा कार्यालयले सोको सूचना संचार माध्यमबाट सम्बन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

६०. **सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्ने** : सहकारी संस्थाले अचल सम्पत्ति खरीद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरीद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरीद बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्य बाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी कर्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

६१. **रजिष्टेशन छुट सम्बन्धी व्यवस्था** :

(१) संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शूल्क छुट सुबिधाको सिफारिस माग गर्दा श्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । विभागले जारी गरेको मापदण्ड, कार्यालयको निर्देशन र सहकारीको मूल्य र सिद्धान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुबिधा उपलब्ध गराइने छैन । वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको हकमा जगेडा कोषको ५० प्रतिशत र पूँजिको अनुपात १:१० कायम गरी थप पूँजि निर्माण गरी मात्र घर जग्गा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट सुबिधाका लागि साधारण सभाको स्वीकृति, घर जग्गा खरिदका लागि प्रयाप्त जगेडा कोष वा शेयर पूँजी भए नभएको विवरण प्रमाणित हुने लेखापरीक्षण प्रतिवेदन र हालको कारोवार खुल्ने कागजात, प्रचलित मूल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुट सुबिधा लिई खरिद गरेको घर जग्गाको विवरण पेश गर्नु पर्नेछ । छुट सुबिधामा खरिद गरिने घर जग्गा संस्था/संघ/बैंकको कार्यालय, पसल, गोदाम र मेशिनरी जडान एव प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरितको कार्यमा छुट सुबिधामा खरीद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजस्व सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लेखी पठाइने छ ।

६२. **संस्था संचालन अघि सहकारी सम्बन्धी अभिमुखिकरण तालिम लिनु पर्ने** :

(१) संस्था दर्ता प्रमाणपत्र प्राप्त गर्नु पूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयर सदस्यहरुलाई सहकारी सम्वन्धी अभिमुखीकरण तालिम दिई सो को प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको तालिमको व्यवस्था सम्बन्धित कार्यालय र जिल्ला सहकारी संघले समन्वय गरी विभागले तयार गरेको पाठ्यक्रमका आधारमा संचालन गरिनेछ । अभिमुखिकरण तालिमको खर्च प्रस्ततवित संस्थाले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको व्यवस्था हाललाई काठमाडौ उपत्यका र उपमहानगरपालिका भित्र स्थापना गरिने संस्थालाई अनिवार्य गरिएको छ । पूर्व सहकारी शिक्षा सम्बन्धी यो व्यवस्था सहकारी कार्यालय भएको जिल्लामा उपयुक्त व्यवस्था गरी क्रमशः लागू गर्दै लगिनेछ ।

(४) संस्था दर्ताका लागि आबेदन गर्ने कम्तिमा ७५ प्रतिशत शेयर सदस्यहरुले अनिवार्य रुपमा यस्तो अभिमुखीकरण तालिम लिएको हुनु पर्नेछ । पिछडिएको क्षेत्र, समुदाय र गरिब व्यक्तिहरुका लागि कार्यालयले स्वीकृत बजेटका आधारमा प्रत्येक महिनामा कम्तिमा एक पटक अभिमुखिकरण तालिम संचालन गर्न प्रशिक्षक, र तालिम कक्षको खर्च वहन गर्ने व्यवस्था गर्नेछ ।

(५) सहकारी सम्बन्धी कुनै पनि तालिमको लागि स्थानिय निकाय, सहकारीका संघ वा गैर सरकारी संस्थाहरुले कार्यालयसँग समन्वय गरी स्वीकृत पाठ्यक्रम बमोजिम मात्र तालिम संचालन गर्न गराउन प्रोत्साहन गरिनेछ ।

(६) संस्थाहरुले शिक्षा, सूचना र तालिम कोषको उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्बन्धी ज्ञान शेयर सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) पूर्व सहकारी तथा सहकारी अभिमुखिकरण शिक्षा सम्बन्धी तालिम संचालन गर्न चाहने संघहरुले कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ । यस्तो तालिम संचालन गर्न कार्यालयले जिल्ला सहकारी संघ तथा विषयगत जिल्ला संघहरुलाइ स्वीकृति दिन सक्नेछ ।

(८) वार्षिक १ करोड भन्दा वढीको कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्था र वचत तथा ऋणको कारोवार गर्ने वहुउद्देश्यीय सहकारी संस्थाका संचालक समिति र लेखा समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरुले यो मापदण्ड जारी भएको ६ (छ) महिनाभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ । संचालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ३ महिना भित्र पालै पालो यस अघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालीम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ । शहरी क्षेत्रका संस्थाहरुले यो व्यवस्थाको पालना अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको तालिम प्रदान गर्न विभाग अन्तरगतका प्रशिक्षण केन्द्र मार्फत र सो सम्भव नभएमा राष्ट्रिय संघ तथा विषयगत केन्द्रीय संघबाट माग भै आएमा विभागले तालिमको पूर्वाधार, क्षमता, जनशक्ति आदिको आधार हेरी राष्ट्रिय तथा विषयगत केन्द्रीय संघलाई निश्चित शूल्क लिई तालिम संचालन गर्न स्वीकृति दिन सक्नेछ ।

(१०) उपदफा (८) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयले माग्न सक्नेछ । यस सम्बन्धमा कार्यालयले दिएको निर्देशनको पालना गर्नु सबै संस्थाहरुको दायित्व हुनेछ ।

६३. **कर्मचारी सम्बन्धी व्यवस्था** :

(१) ३ जना भन्दा बढी कर्मचारी भर्ना गर्नुपर्ने संस्था/संघ/बैंकले संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा साधारण सभाको स्वीकृतिमा कर्मचारी पद, संख्या र संगठनको ढाँचा निर्धारण गर्नुपर्नेछ ।

(२) कर्मचारी प्रशासन सम्बन्धी नियमावली साधारण सभाबाट पारित गराई मात्र लागु गर्न सकिनेछ । कर्मचारी प्रशासन सम्बन्धी नियमावली अनुसार मात्र भर्ना, नियुक्ति, बढुवा, दण्ड-सजाय र पुरस्कृत, सुबिधाहरु र अवकाश आदि सम्बन्धी काम गर्न सकिनेछ । नियमावलीको व्यवस्था नगरी वा नियमावली विपरित गरिएको कर्मचारी प्रशासन सम्बन्धी कार्यलाई कार्यालयले खारेज गर्न सक्नेछ ।

(३) संघ संस्था र बैंकमा आवश्यक पर्ने कर्मचारीहरु स्थायी वा करारमा नियुक्ति गर्दा नियमावलीमा व्यवस्था भएको प्रक्रिया पुऱ्याएर मात्र गर्न सकिनेछ ।

(४) संघ संस्था र बैंकले आवश्यक संख्यामा मात्र कर्मचारी नियुक्ति गर्नु पर्नेछ । प्रचलित कानून बमोजिम नियुक्ति पत्र नदिई कुनै कर्मचारीलाई काममा लगाउन पाईने छैन ।

६४. **सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुने** : संस्था/संघ/बैंकको सम्पत्तिहरु आफ्नै नाममा राख्नु पर्नेछ । सम्पत्तिहरु व्यक्ति वा अन्य कुनै निकायको नाममा राखेको पाइएमा जालसाजी वा ठगी गरेको अभियोगमा सम्बन्धित पदाधिकारी र निर्णयमा सहभागी पदाधिकारीहरुलाई कारावाही गरिनेछ ।

६५. **नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्ने** :

(१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संघ/संस्था/बैंकले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विमा गरिएको भन्दा वढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

(३) नगद रकम बैंकमा जमा नगरी नगदै कारोवार गर्ने र कुनै संचालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

६६. **बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु** :

(क) वासलत वाहिरको कारोवारहरु (जस्तै प्रतितपत्र, जमानत आदि) ।

(ख) सदस्यहरुलाई अधिविकर्ष (Overdraft) कर्जा प्रवाह ।

(ग) ब्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्रि तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी ।

(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह ।

(ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह ।

(च) चल्ति खाता संचालन गर्ने ।

(छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधिको आबधिक निक्षेप स्वीकार गर्ने ।

(ज) विदशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

(झ) चिट्ठा तथा उपहार योजना संचालन ।

(ञ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार ।

६७. **सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयन :**

(१) वित्तिय कारोवार गर्ने सहकारीका संघ संस्था र बैंकहरुले सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र नियमावली, २०६६ मा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(२) वित्तिय कारोवार गर्ने संस्था/संघ/बैंकले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।

(३) नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तिय कारोवार गर्ने सहकारी संस्था, संघ र बैंकले संचालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

(४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्था/संघ/बैंकको कर्तव्य हुनेछ ।

६८. **सहकारी संस्थाहरुको विषयको पहिचान** : कार्यालयहरुले सहकारी संस्थाहरुको दर्ता अनुसूची-८ बमोजिमका विषयहरुमा मात्र गर्न सक्नेछन । उल्लेखित विषय बाहेक अन्य विषयको हकमा विभागको निर्णय र निर्देशन बमोजिम मात्र हुनेछ ।

६९. **संस्थाहरुको वर्गिकरण सम्बन्धी व्यवस्था** : विभागले संस्थाहरुको शेयर पूँजि, वचत रकम, कारोवार, रोजगारी, मुनाफा र सदस्य संख्याको आधारमा वर्गिकरण गर्न सक्नेछ ।

७०. **संस्था वा संघ एकिकरण सम्बन्धी व्यवस्था** : सहकारी ऐन, २०४८ को दफा ३१ बमोजिम दुई वा दुई भन्दा वढी संस्था वा संघहरुको एकिकरण गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

(१) एकिकरण हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ वहुमतबाट संस्था एककिरण गर्ने सम्बन्धमा निर्णय गर्ने र निर्णयमा देहायका विषयहरु समावेश हुनु पर्नेछ ।

(क) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्था मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयां नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ख) एकिकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

(ग) कुन कुन संस्थासंग एकिकरण गर्ने हो सो उल्लेख गर्ने ।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) सम्बन्धित संस्थाको शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकममा एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै : एकिकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।)

(च) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

(छ) अन्य आवश्यक विषय ।

(२) एकिकरण हुने संस्थाहरुको अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण साधारण सभाबाट अनुमोदन गराएको हुनु पर्नेछ र चालु आर्थिक वर्षको कारोवारको आन्तरिक लेखा परीक्षण गरी सो को प्रतिवेदन समेत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका विषयहरु समावेश भएको सम्बन्धित संस्थाको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि सहित सम्बन्धित डिभिजन कार्यालयमा आवेदन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम संस्था एकिकरणका लागि आवेदन परेमा सहकारी अधिकृतले जाँचवुझ गरी संस्थाको एकिकरण गरी दिने र मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने । एकिकृत संस्थाको विनियममा "एकिकृत हुने संस्थाको नामबाट भए गरेका काम कारवाही यस विनियम बमोजिम भए गरेको मानिने" प्रावधान राख्ने ।

७१. **संस्था विभाजन सम्बन्धी व्यवस्था** : सहकारी ऐन, २०४८ को दफा ३१ बमोजिम एक संस्था दुइ वा दुई भन्दा वढी संस्थाहरुमा विभाजन गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

(१) विभाजन हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ वहुमतबाट संस्था विभाजन गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(२) साधारण सभाबाट संस्थाको विभाजन गर्ने निर्णय गर्दा देहायका विषय खुलाउनु पर्नेछ ।

(क) कति जना सदस्यहरु संस्थाबाट अलग हुने हुन सो को नाम नामेसी र निजहरुले लिएको शेयर रकमको विवरण ।

(ख) संस्थाको विनियम बमोजिमका कोषहरुका छुट्टाइएको रकमको बाँडफाँड सम्बन्धी विवरण ।

(ग) संस्थाको नाफा नोक्सानको बाँडफाड सम्बन्धी विवरण ।

(घ) संस्थाको सम्पत्ति तथा दायित्व बाँडफाँड सम्बन्धी विवरण ।

(ङ) अन्य आवश्यक विवरण ।

(३) उपदफा (१) बमोजिमका विवरण समावेश भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि र उपदफा (२) बमोजिमको प्रतिवेदन समेत संलग्न गरी सम्बन्धित डिभिजन कार्यालयमा नयां संस्थगा दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्था दर्ताका लागि आवेदन परेमा संस्था दर्ता गर्दा अपनाउनु पर्ने प्रकृया पुरा गरी सहकारी कानून र विभागीय परिपत्र तथा निर्देशनको अधिनमा रही नयाँ संस्था दर्ता गरिदिने । त्यसरी दर्ता गर्दा सो संस्था मुख्य संस्थाबाट विभाजित भएको पहिचान खुल्ने व्यवस्था गर्ने ।

७२. **सहकारीका सिद्धान्त र मुल्य** : अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापि रुपमा प्रयोगमा ल्याइएका सहकारीका सिद्धान्त र मूल्यहरुको पालना गर्नु सबै संस्था, संघ र बैंकका निर्वाचित तथा नियुक्त पदाधिकारीहरु एवं प्रत्येक सदस्यहरुको प्रमुख कर्तव्य हुनेछ । सहकारीका सिद्धान्त र मूल्यहरुको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरुलाई जानकारी दिने गरी सचेतनाका कार्यक्रमहरु संचालन गर्नु सहकारीका जिम्मेवार पदाधिकारीहरुको जिम्मेवारी हुनेछ । अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारीका सिद्धान्त र मुल्यहरु अनुसूची -९ मा उल्लेख गरिएको छ ।

७३. **खारेजी र बचाउ :**

(१) सहकारी संघ संस्था दर्ता तथा नियमन सम्बन्धी मापदण्ड, २०६५ (संशोधन, २०६७) र लेखा परीक्षण सम्बन्धी निर्देशिका खारेज गरिएको छ ।

(२) सहकारी संघ संस्था दर्ता तथा नियमन सम्बन्धी मापदण्ड, २०६५ (संशोधन, २०६७) बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड सरह भए गरेको मानिनेछ ।

(३) सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ को अधिनमा रही सहकारी बिभागबाट यस अघि जारी भएका परिपत्रहरुमा उल्लेखित कुराहरु यस मापदण्डसंग नबाझिएको हदसम्म लागू हुनेछन् ।

(४) सहकारी संघ/संस्था/बैंकका संचालक समितिले यस मापदण्डमा गरिएको व्यवस्थाहरुको पालनाका लागि मापदण्ड जारी भएपछि बस्ने साधारण सभामा विनियम संसोधनका लागि प्रस्ताव पेश गरी पारित गराई कार्यान्वयन गराउनु पर्नेछ । साधारण सभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरु यस मापदण्डसँग बाझिएमा मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ ।

**अनुसूची-१**

*(दफा ९ सँग सम्बन्धित)*

# <u>उम्मेदवारी दरखास्त</u>

विषयः उम्मेदवारी दर्ता गरि दिने ।

श्री निर्वाचन अधिकृत
निर्वाचन उपसमिति, ....................................................... ।

........................को सञ्चालक/लेखा समितिको ............................ पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति ..................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म बाहेक यस संस्थाको संचालक र लेखा समितिको कुनै पनि पदमा मेरा नातेदार उम्मेदवार नभएको, म यस प्रकृतिको अन्य कुनै संस्थाको संचालक र लेखा समितिको पदमा कार्यरत नरहेको, यस संस्थामा मैले निरन्तर रुपमा मिति.................देखी सदस्य भई हालसम्म संस्थाको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरि आएको, संस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएका बुझाउन बाँकी कुनै रकम नरहेको, हाल पनि संस्थाले कारोवार गर्न अनुमति प्राप्त गरेको भौगोलिक क्षेत्रमा स्थायी बसोबास रहेको, बैंक तथा वित्तिय कारोवारमा कालो सूचीमा नाम नपरेको र सहकारीको प्रचलित कानुन तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मूल्य र सिद्धान्तका वारेमा म जानकार रहेको हुँदा मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु ।
सहकारी ऐन, नियम सहकारी विभागबाट जारी मापदण्ड र संस्था/संघको विनियम विपरित मेरो उम्मेदवारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

**<u>निवेदक</u>**
दस्तखतः
उम्मेदवारको नाम थर :
ठेगाना र सम्पर्क फोन नम्बर :
मतदाता क्रम संख्या :

**<u>प्रस्तावक</u>**
दस्तखतः
प्रस्तावकको नाम थर :
मतदाता क्रम संख्या :

**<u>समर्थक</u>**
दस्तखतः
समर्थकको नाम थर ::
मतदाता क्रम संख्या :

---

यो दरखास्तपत्र मिति............ का दिन ........ बजे श्री................. ले मेरो समक्ष प्रस्तुत गर्नु भएको व्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत :
निर्वाचन अधिकृत

अनुसूची - २

(दफा ११ (४) संग सम्बन्धित)

**लेखा समितिको वार्षिक प्रतिवेदन**

सहकारी संस्थाको नाम, ठेगानाः ........... आ.व. ..........

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

२. आ.व. .......... मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

३. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :
   - ६.१ पारिश्रमिक :
   - ६.२ भत्ता :
   - ६.३ अन्य सुविधाहरु :

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :
   - ७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :
   - ७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :
   - ७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :
   - ७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :
   - ७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :
   - ७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :
     - ७.६.१ करार :
     - ७.६.२ अस्थायी :
     - ७.६.३ स्थायी :

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

१०. लेखा समितिको सुझावहरु :
   - १०.१
   - १०.२

लेखा समितिको संयोजक ................ दस्तखत

लेखा समितिको सदस्य ................ दस्तखत

लेखा समितिको सदस्य ................ दस्तखत

अनुसूची - ३

(दफा १९(७) संग सम्बन्धित)

## सहकारी संघ संस्था दर्ता गर्दा पालना गर्नुपर्ने प्रावधानहरु

सहकारी ऐन, २०४८ को दफा ४, ५, र ६ को प्रयोजनका लागि सरोकारवालाहरुले संस्था दर्ताका लागि पेश गरेका कागजातमा देहायका कुराहरु उपर विचार गरी रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले दर्ता स्वीकार वा अस्वीकार गर्न सक्नेछ । दरखास्त साथ निर्दिष्ट प्रक्रिया पुग्नको लागि निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ :–

१. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको सहकारी नियमावली, २०४९ को अनुसूची-१ बमोजिमको ढाचाको रु. ५।- को टिकट टांस भएको निवेदन ।

२. प्रस्तावित संस्थाको २ प्रति सक्कलै विनियम (अन्य जिल्लाको प्रादेशिक अधिकार क्षेत्र रहेको कार्यालयमा संस्था दर्ता हुने भए ३ प्रति) । बिनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्नेछ ।

३. तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको २ प्रति कार्ययोजना ।

४. प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु १/१ प्रति ।

५. संस्थाको हकमा आवेदन गर्ने कम्तिमा भिन्न परिवारका २५ जना व्यक्तिहरुको तिनपुस्ते विवरण, आवेदक सदस्यहरुले लिएको शेयरको संख्या, रकम खुलेको विवरण र हस्ताक्षर संलग्न भएको निर्धारित ढांचाको विवरण ।

६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकारपत्र ।

७. प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रवेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैंकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भपाई (बैंकिङ्ग सुविधा उपलब्ध नभएको ठाउँको हकमा भर्पाई मात्र पनि पेश गर्न सकिने) शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा जम्मा नगरिए सम्म प्रयोगमा ल्याउन पाइने छैन । यसका लागि सहकारी कार्यालयवाट संस्थाको नाममा रकम नसारेसम्म आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ ।

८. संकलित शेयर पूँजीको रकम कुल शेयर पूँजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ । सो सीमा भित्र नरहेमा सहकारी कार्यालयले संकलित शेयर पूँजीको आधारमा कूल शेयर पूँजी कायम गर्न सक्नेछ ।

९. आवेदकहरुले निवेदन साथ प्रस्तावित संस्थाको संभाव्यताको अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ । संभाव्यताको अध्ययन प्रतिवेदनमा निम्न कुराहरु समावेश हुनुपर्नेछ :-

    क) प्रस्तावित कार्यक्षेत्रमा त्यस्तो प्रकृतिको संस्थाको आवश्यकताको पहिचान,
    ख) कार्यक्षेत्र भित्र बसोबास गर्ने अनुमानित जनसंख्या,
    ग) संस्था मार्फत पेशा व्यवसाय संचालन गर्नका लागि आवश्यक पूंजीका श्रोतहरु,
    घ) व्यावसायिक संभाव्यता,
    ङ) प्रस्तावित संस्था संचालनका लागि चाहिने जनशक्ति,
    च) सेवा पुर्‍याउन सकिने सदस्यहरुको अधिकतम संख्या,
    छ) उक्त कार्यक्षेत्रमा रहेका समान प्रकृतिका संस्थाहरुको संख्या,
    ज) पहिले स्थापना भई सकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसकिने कारण र संलग्नताका लागि गरिएको प्रयास,
    झ) बजारको स्वरुप, संस्थाको भावी कार्यक्रम तथा लक्षित समूह, संस्थाको संस्थागत विकासका स्पष्ट आधारहरु ।

१०. तदर्थ संचालक समितिका पदाधिकारीहरुको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको ३ पुस्ते विवरण ।

११. आवेदकहरुको निम्न विषयहरु समेटिएको निर्धारित ढांचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्र

क) पहिले कुनै अन्य सहकारी संस्थामा संलग्न रही रकम हिनामिना गरी कारवाहीमा नपरेको,

ख) बैंक, बित्तीय संस्थाको कारोबारमा कालो सूचीमा नपरेको, तर महानगरपालिका र उपमहानगरपालिका भित्र बचत तथा ऋण सहकारी संस्था दर्ता गर्न चाहने सदस्यहरुले अन्य बैङ्क तथा वित्तिय संस्थाबाट कर्जा लिई कर्जा चुक्ता नगरेको कारणले कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचिमा नपरेको भन्ने सम्बन्धमा उक्त केन्द्रमा सम्बन्धित डिभिजन सहकारी कार्यालयले बुझि दर्ताको कारवाही अगाडी वढाउनेछ ।

ग) प्रस्तावित आवेदकहरु सोही जिल्ला भित्र रहेका समान प्रकृतिको अर्को संस्थामा सदस्य नरहेको,

घ) प्रस्तावित संस्थाको प्रकृतिको अन्य सहकारी संस्थाको संचालक वा पदाधिकारीको रुपमा आवद्ध नभएको,

ङ) सहकारीको मूल्य मान्यता, सिद्धान्त एवं सहकारी ऐन नियम तथा संस्थाको स्वीकृत विनियम बमोजिम सहकारी संस्था संचालन गर्न मञ्जुर भएको ।

१२. सहकारी कार्यालयले संस्था दर्ता गर्दा अपनाउने कार्यविधिहरु :-

क) आवश्यक कागजात सहित सबै विवरण स्पष्ट भएको पाइएमा दरखास्त लिई दर्ता प्रक्रिया अघि बढाउने, सबै प्रमाणका प्रतिलिपिहरु हालसालै प्रमाणित गरिएको हुनुपर्नेछ ।

ख) प्राप्त दरखास्त कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले जांच गरी सकेपछि मात्र कार्यालयमा दर्ता गरी प्रकृयामा राखिनेछ ।

ग) कागजात नपुग भएमा वा कुनै प्रक्रिया पूरा भएको नपाइएमा सो पूरा गरी पेश गर्न आवेदकहरुलाई जानकारी गराउने ।

घ) सहकारी संघ संस्था दर्ता गर्न निवेदन साथ पेश गर्नु पर्ने कागजात र दर्ता प्रकृयाको बिषय समेत समाबेश गरी सहकारी कार्यालयमा सवैले देख्ने गरी नागरिक बडापत्र राख्ने र बडापत्रको प्रकाशन गरी सहकारी कार्यालयले सेवाग्राहीलाई उपलव्ध गराउनु पर्नेछ ।

ङ) संस्था दर्ताको लागि पेश भएका कागजातहरुको अध्ययन र दर्ता गर्न आउने प्रस्तावित संस्थाका पदाधिकारीहरुसंग जानकारी लिदा पेश भएका विवरण र कागजातको अतिरिक्त दर्ता गर्ने अधिकारीले थप कुरा बुझ्न आवश्यक देखेमा स्थलगत अध्ययन (नगर क्षेत्रमा अनिवार्य गरी गराई थप जानकारी लिन सक्नेछ ।

च) नगरपालिका,उपमहानगरपालिका,महानगरपालिका क्षेत्र भित्र दर्ता हुने प्रस्तावित सहकारी संस्थाको तर्फवाट पेश भएको संभाव्यता अध्ययन प्रतिवेदनको आधारमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश भएपछि मात्र संस्था दर्ता प्रक्रिया अघि बढाइनेछ । स्थलगत अध्ययनमा खटिने कर्मचारीलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने जिम्मेवारी प्रस्तावित संस्थाका सबै आवेदकहरुको हुनेछ ।

छ) स्थलगत अध्ययन प्रक्रियामा सम्बद्ध सरकारी निकाय, स्थानिय निकाय वा आवेदकहरु आबद्ध रहेको वा कार्यरत रहेको निकायसंग आवश्यकता अनुसार सम्पर्क वा पत्राचार गरी पेश गरिएका विवरणको आधिकारिकताको जांच एवं संस्था दर्ताको प्रक्रिया पुरा गर्न आवश्यक राय लिन सकिनेछ ।

ज) सहकारी संस्था दर्ता गर्दा प्रत्यायोजित अधिकार क्षेत्र भित्र रही विगतमा दर्ता भएका, विषयगत क्षेत्र स्पष्ट भएका संस्थाहरु सहकारी कार्यालयले उल्लेखित प्रकृया पूरा भएको पाइएमा सोझै दर्ता गर्नेछ ।

झ) नयां प्रकृतिका संस्था, विषयगत जिल्ला संघ, जिल्ला सहकारी संघ, केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी संघको दर्ता गर्न विभागको रजिष्ट्रारको स्वीकृति लिनु पर्नेछ ।

ञ) माथि उल्लेखित प्रकृया नपुगेका आवेदनहरु अस्वीकार गर्न सकिनेछ ।

१३. सहकारी कार्यालयबाट गरिने स्थलगत अध्ययन प्रतिवेदनमा समावेश गरिनु पर्नेमुख्य मुख्य विषयहरु :

क) संस्थाको उद्देश्य तथा कार्यक्षेत्रका हिसाबले स्थानिय तहमा त्यस प्रकृतिको सहकारी संस्थाको आवश्यकता रहे नरहेको र समुदायमा आधारित भै संचालन हुन सक्ने, नसक्ने पहिचान गर्ने ।

ख) संस्था दर्ता गर्न चाहने समूहमा बिभिन्न जात, जाति, धर्म, वर्ग, महिलाको सहभागिता के कति छ ? के कति सहभागिता हुन सक्छ वा सक्थ्यो, बिचार गरी सकभर समावेशी बनाउने र प्रस्ताबित संचालक समितिमा महिला तथा पिछडिएको वर्गको प्रतिनिधित्व गराउने प्रयास गरिए नगरिएको ।

ग) प्रस्तावित संस्था स्थापना गर्ने सदस्यहरुको ज्ञान, शीप, र क्षमताले प्रस्तावित सेवा प्रदान गर्नवा बस्तु उत्पादन गर्न सक्ने आधारहरु भए/नभएको ।

घ) प्रस्तावित सहकारी संस्थाबाट वस्तु उत्पादन वा सेवा प्रवाहको लागि सो व्यवसाय संचालन गर्न सोही स्थानमा आवद्ध सदस्यहरुसंग सो प्रकृतिको पेशा, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्ने व्यवसायी, पेशाकर्मी, पर्याप्त भए नभएको ।

ङ) स्थापना गर्न लागेको सहकारी संस्थाको उद्देश्य र कार्यसंग संचालक एवं आवद्ध अन्य सदस्यहरुको पेशा व्यवसाय मिल्छ वा मिल्दैन एकिन गर्ने । साथै संस्थामा आवद्ध कति सदस्यसंग सो पेशा वा व्यवसाय गर्न सक्ने पेशाकर्मी, व्यवसायी, व्यक्ति समावेश छन् ? सो हेरेर संस्था स्थापनाको संभाव्यता एकिन गर्ने । उदाहरण : सञ्चार सहकारी संस्था प्रस्तावित भै आएमा सञ्चार क्षेत्रका पेशाकर्मीहरुको संलग्नता छ छैन ? स्वास्थ्य सहकारी संस्था खोल्न प्रस्ताव भै आएमा स्वास्थ्यकर्मीको संलग्नता छ छैनन्, कृषि सहकारी खोल्ने प्रस्ताव आएमा कृषकहरु नै आवेदक सदस्य छन छैनन् प्रतिवेदनमा खुलाउने ।

च) संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु प्रस्तावित संस्थाको लागि माग गरेको कार्यक्षेत्र भित्रकै आवेदकहरु हुन होइनन् खुलाउने ।

छ) सहकारी मार्फत सदस्यहरुको व्यावसायिक क्षमता अभिबृद्धि गरी व्यवसाय प्रवर्द्धन गर्न एकल विषयका प्रारम्भिक सहकारी संस्थाको स्थापना गर्न प्रोत्साहन गर्ने ।

अनुसूची - ४

## लेखा परीक्षकले लेखा परीक्षण गर्दा तयार पार्नु पर्ने लङ्गफर्म प्रतिवेदन

(दफा ४६(१) संग सम्बन्धित)

१. संस्थाको नाम ठेगाना :
२. कार्यक्षेत्र :
३. कूल सदस्य संख्या :
(३.१) महिलाको संख्या :
(३.२) पुरुषको संख्या :
४. कर्मचारीको संख्या :
५. कूल चुक्ता शेयर पूँजी रु.
६. कूल वचत संकलन रु.
गत आ.व. को वाँकी :
यस आ.व. मा संकलन :
यस आ.व.मा फिर्ता :
फिर्ता गर्न बाँकी :
७. कूल ऋण लगानी रु.
गत आ.व.मा लगानीमा रहेको रकम :
चालु आ.व. को लगानी :
चालु आ.व. को असुली :
यस आ.व. लगानीमा रहेको रकम
८. ऋण लगानीका प्रमुख ४ क्षेत्रहरु र रकम :

| लगानीको क्षेत्र | रकम | व्याज दर |
|---|---|---|
| ............................................ | रु....................... | |
| ............................................ | रु....................... | |
| ............................................ | रु....................... | |
| ............................................ | रु....................... | |

अन्य रु.....................
९. लिने दिने व्याज दर वीचको औसत फरक (%) :
१०. वचत तथा ऋण नीति वा निर्देशिका भएको नभएको :
११. लेखा समिति प्रभावकारी भए नभएको :
.प्रभावकारी भए मापदण्ड वमोजिम काम गरेको छ वा छैन :
१२ संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकहरुमा नाता गोता भित्रका व्यक्तिहरु भए नभएको :
१३. ऋण लगानीमा कुनै सेवा शुल्क लिने गरेको/नगरेको :
लिएको भए दर उल्लेख गर्ने :
१४. संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकले लिएको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरु खुलाउने :

१५. कार्यक्षेत्र वाहिरका व्यक्ति तथा निकायहरु संग वचत तथा ऋणको कारोवार गरे नगरेको :
गरेको भए कार्यक्षेत्र वाहिरका :व्यक्तिहरुको संख्या : निकायहरुको संख्याः वचत रकम : लगानी रकम :

१६. नियमानुसार शेयर पूँजीको १५% भन्दा वढी हुने गरी अन्य कुनै शिर्षकवाट शेयरधनिहरु लाई रकम वाँडेको/नवाँडेको, वाँडेको भए कुन शिर्षकमा कति खर्च गरियो ?

...........................................................................

१७. प्राकृतिक व्यक्ति वाहेक अन्य निकायहरुमा ऋण वा शेयर लगानी गरेको भए देहाय वमोजिमको विवरण खुलाउने :

| निकायको नाम, ठेगाना | उद्देश्य | रकम | मिति |
|---|---|---|---|
| | | | |
| | | | |

१८. ऋण वा शेयर वापत लगानी गरिएको निकायमा संचालकहरुको संलग्नताको अवस्था :

................................................................................

१९. अन्य कारोवारहरु :

(१)....................

(२) ................

२०. संचालकहरु अन्य वित्तिय वा व्यवसायिक निकायको संचालक पदमा रहेको भए उक्त निकायको नाम र पद :

२१. संचालक, लेखा समिति सदस्य र उपसमिति सदस्यहरु अन्य समान प्रकृति रतहको समान कार्य गर्ने संस्थामा पदाधिकारी वा कर्मचारी रहे नरहेको :

(क) संचालक रहेको ..........

(ख) लेखा समितिमा रहेको ............

(ग) उप समितिमा रहेको ...........

२२. संचालकहरु वित्तिय निकाय वा सहकारी निकाय वा अन्य निकायको कर्मचारी रहे नरहेको र विभागीय स्वीकृति लिए नलिएको :

रहेको संस्थाको नाम :

नरहेको :

स्वीकृति लिएको ........... नलिएको .............

२३. ढुकुटीमा रहेको मासिक औसत नगद रकम :

| साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

२४. विमाको रकम रु ............ म्याद अवधि ...........

२५ समग्रमा यस संस्थाले सहकारी विभागले जारी गरेको....................मापदण्ड, २०६८ वमोजिम त्रुटिहरु गरेको/नगरेको ।

गरेको भए वुँदागत रुपमा उल्लेख गर्ने :

(१).......................................

(२).......................................

(३)....................................

२६. लेखाव्यवसायी फर्म र त्यसका साझेदारहरुले आंफु स्वतन्त्र रहेको साथै लेखापरीक्षणको सिलसिलामा अपनाउने मानहरु, लेखापरीक्षण टोली, लेखापरीक्षण प्रकृया र तरीकाको बारेमा छोटकरीमा उल्लेख, नमूना छनौट प्रकृया तथा नमूना आकार आदीको बारेमा उल्लेख गर्नु होस् :

२७. लेखा परिक्षकले ऋणीको credit appraisal तथा ऋण अनुगमन तथा ऋण असूली प्रणाली सम्बन्धी आफनो राय :

२८. लेखा परिक्षकले आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीताका सम्बन्धमा ऋण व्यवस्थापन, खर्च तथा स्थिर संपत्ती उपर नियन्त्रणको पर्याप्तता आदि का सम्बन्धमा आफनो रायः

अनुसूची - ५

(दफा ४६ (६) संग सम्बन्धित)

# लेखापरीक्षण स्वीकृति माग गर्दा बुझाउनु पर्ने वार्षिक विवरण

१. संस्थाको नाम र ठेगाना :

२. मुख्य उद्देश्य/कारोवार :

३. संस्थाको कार्य क्षेत्र :

४. शेयर सदस्य संख्या :

४.१ जम्मा :

४.२ पुरुष :

४.३ महिला :

५. संस्था आवद्ध रहेको संघ :

६. स्थायी लेखा (PAN) नम्बर :

७. कारोबारको विवरण :

७.१ चुक्ता शेयर पूँजी रु :

७.२ आ.व.को अन्त्यमा रहेको बचत निक्षेप रकम रु :

७.३ आ.व.को अन्त्यमा शेयर सदस्यहरुलाई गरिएको ऋण लगानी रु :

७.४ आ.व. को अन्त्यसम्म अन्य संस्था/संघ/ बैंक/अन्य निकायहरुमा शेयर लगानी गरिएको रकमको विवरण

| क्र.सं. | संस्था/संघ/ बैंक/अन्य निकायको नाम,ठेगाना | शेयर संख्या | शेयर रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७.५ उत्पादन :

७.६ बिक्री :

७.७ नाफा नोक्सान :

७.८ हालसम्मको जगेडा कोष रु :

७.९ अन्य संघ संस्था फर्ममा रहेको लगानी रु :

७.१० बुझाउनु पर्ने वा बुझाएको आयकर :

७.११ बुझाएको अन्य कर, दण्ड जरिवाना, शुल्क आदि :

८. कर्मचारी संख्या :

९. लेखापरीक्षण भएको पछिल्लो आर्थिक बर्ष र लेखा परीक्षण गर्ने संस्था र व्यक्तिको नाम ठेगाना :

१०. साधारण सभा सम्पन्न भएको मिति :

११. संचालक समितिको निर्वाचन भएको मिति :

१२. संचालक समितिको पदावधि सकिने मिति :

१३. प्रबन्धक वा व्यवस्थापन प्रमुखको नाम ठेगाना र सम्पर्क फोन :

१४. स्थिर सम्पत्तिको विवरण र प्रचलित मूल्य :

१५.  संचालक समितिको पदाधिकारीको विवरण :

| क्र.सं. | नाम | पद | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

प्रबन्धक/कार्यकारी प्रमुखको हस्ताक्षर :
मिति :

अध्यक्षको हस्ताक्षर :
मिति :

अनुसूची - ६
(दफा ४८(१) संग सम्बन्धित)

# अनुगमन फारम

१) सहकारी संस्थाको नाम :-

२) दर्ता नं :- मिति :- दर्ता भएको कार्यालय :-

३) ठेगाना :-

४) शेयर पूँजी :- (प्रति शेयर रु :- )

५) कार्यक्षेत्र :-

६) संचालक समितिको सदस्य संख्या :- (कार्यकाल :- बर्ष) (बैठक भत्ता :-रु. )

७) कर्मचारी संख्या :- (बजार प्रतिनिधि :- ) नियुक्ति दिए/नदिएको :-

८) सफ्टवेयर :-

९) शेयर सदस्य संख्या :-

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

१०) निक्षेपकर्ताहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

११) ऋणीहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति :-
कुल सदस्य संख्या :-
उपस्थित सदस्य संख्या :
- पछिल्लो साधारण सभा भएको मिति :
  कुल सदस्य संख्या : ...............
  उपस्थित सदस्य संख्या : .................
- पछिल्लो संचालक समिति निर्बाचन मिति :-
  निर्बाचन समितिको चयन :-
- साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृयाः-

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमाबलीहरु, नीतिहरु, कार्यबिधिहरु :-

⇉ ⇉
⇉ ⇉
⇉ ⇉

१४) संस्थाले गठन गरेको उप समितिहरु :-

☑ ☑

☑ ☑

१५) पछिल्लो साधारण सभाबाट पारित भएका बिषयहरु :-

- ⏩ ⏩
- ⏩ ⏩
- ⏩ ⏩

१६) संस्थाको बर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित) :-

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको बर्तमान निक्षेपका प्रकारहरु (ब्याजदर सहित) :-

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८) निम्न कारोवारहरु गरे नगरेको :- सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, घर जग्गा किनबेच :

१९) ऐन नियममा तोकिए वमोजिमका सम्वन्धित कार्यालयमा पठाउने गरेको विवरणहरु :-

- ⏩ ⏩
- ⏩ ⏩

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको ☐

२१) शेयर पुँजीको बढिमा १५ प्रतिशत लाभाँस वितरण गरे नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ छैन ?

२४) संस्थाको कूल चुक्ता शेयरपूँजीको २० प्रतिशत भन्दा वढी एउटै ब्यक्ति वा निकाय विशेष (सरकारी समेत) लाई शेयर विक्रि भएको छ ☐ छैन ☐

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :-

२६) संस्थाको निक्षेप र कर्जा वीचको ब्याजदर अन्तर :-

२७) कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज Accural Basis मा लेखांकन गरेको छ ☐ छैन? ☐

२८) संस्थाको कूल पूँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ ☐ छैन ☐

२९) वचत तथा ऋण नीति तयार गरे ☐ नगरेको ☐

३०) संचालक र लेखा समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालोसुचिमा नपरेको स्व-घोषणा आदि कागजात पेश गरे ☐ नगरेको ☐

३१) संचालक समिति निर्बाचित भएको मितिले १५ दिनभित्र संचालकहरुको फोटो र तीन पुस्ते सहितको २ प्रति विवरण पेश गरे नगरेको :

३२) संस्थाले ऋण उपसमितिको सिफारीसमा ऋण लगानी गरे नगरेको :

३३) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद गरे नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणीत गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे नगरेको :

३५) तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे नगरेको :

३६) संचालक समिति, लेखा समिति, ऋण उप समिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे नगरेको :

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए नभएको :

३८) विनियमको परिधि भित्र रही विभिन्न कोषहरुमा रकम बाँडफाँड गरेको छ छैन :

३९) संचालकहरुले संस्थाबाट उपभोग गरिरहेको बित्तिय तथा अन्य सुबिधाहरु :-

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्यांकन लगायत अन्य प्रकृयाहरु :-

४१) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मुल कैफियतहरु :-

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परिबर्तन भएको सुचना सदस्यहरुलाई कसरी दिईन्छ ?

४४) संस्थाको प्रचलित बिनियम बमोजिम संचालक समितिको बैठक बस्ने गरे नगरेको

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे नगरेको

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रिका लागि बिज्ञापन गर्ने गरे, नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद):-

४८) नगदको विबरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको, नगदको जिम्मेवारी बांडफांड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको सांचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे नगरेको ।

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरुसंग शेयर, निक्षेप र कर्जा/सापटी कारोवार गरेको भए त्यसको विबरण :-

५०) संस्थाका बर्तमान संचालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा बित्तिय संस्थाको संचालक पदमा समेत बहाल भएको भए त्यसको विबरण :-

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरुसंग संकलन भएको हो भनि सहि गर्ने

आधिकारिक व्यक्तिको नाम :
हस्ताक्षर :

| निरीक्षण टोलीको नाम | पद | हस्ताक्षर |
|---|---|---|
| • | | |
| • | | |
| • | | |

मिति :

अनुसूची-७

(दफा ५७ (२) संग सम्बन्धित)

(बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले महिना भुक्तान भएको ७ (सात) दिन भित्र अनिवार्य रुपमा भरी सम्वन्धित सहकारी कार्यालयमा पेश गर्नु पर्ने मासिक विवरण

श्री ..............................................................कार्यालय,

........................................... ।

२०६.... साल .............. महिनाको कारोवारको विवरण देहाय बमोजिम भएको ब्यहोरा पेश गरेको छु ।

...................................

कार्यकारी प्रमुख/अध्यक्षको नाम र हस्ताक्षर

सहकारी संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं. :

रु लाखमा

| क्र.स. | विवरण | संख्या | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|---|
| १ | शेयर पुँजी | | | | |
| २ | जगेडा कोष | | | | |
| ३ | अन्य कोषहरु | | | | |
| ४ | कुल बचत रकम | | | | |
| | ४.१ गत आ.व.को वचत वांकी | | | | |
| | ४.२ वचत संकलन | | | | |
| | ४.३ वचत फिर्ता | | | | |
| | ४.४ फिर्ता गर्न वांकी वचत | | | | |
| ५ | लिएको ऋण | | | | |
| | ५.१ लिएको ऋण | | | | |
| | ५.२ तिरेको ऋण | | | | |
| | ५.३ तिर्न बाँकी ऋण | | | | |
| ६ | दायित्व हिसाव | | | | |
| ७ | अन्य दायित्व | | | | |
| | **जम्मा दायित्व** | | | | |
| १ | नगद मौज्दात | | | | |
| २ | वैंक मौज्दात (मुद्दती र आवधिक निक्षेप समेत): | | | | |
| | १.१ "क" वर्गको वैंक तथा वित्तिय | | | | |
| | १.२ "ख" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.३ "ग" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.४ "घ" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.५ "ङ" सहकारी वैंक | | | | |
| | १.६ वचत तथा ऋण केन्द्रीय सहकारी संघ | | | | |
| ३ | **लगानी :** | | | | |
| | ३.१ मुद्धती हिसाव | | | | |
| | ३.२ शेयर लगानी | | | | |
| | ३.३ व्यापारिक लगानी | | | | |
| ४ | **सदस्यहरुलाई गएको कर्जा/ऋण** | | | | |
| | **४.१ गत आ.व.को लगानीमा रही रहेको** | | | | |
| | ४.१.१ भाखा ननाघेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४.१.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| | ४.१.३ एक वर्ष भन्दा वढी भाखा नाघेको | | | | |
| | **४.२ यस वर्ष ऋण लगानी** | | | | |
| | **४.३ ऋण असुली** | | | | |
| | **४.४ असुल गर्न वांकी ऋण** | | | | |
| | **४.४.१ भाखा ननाघेको** | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यापार/ब्यावसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| | **४.४.२ एक वर्षसम्म भाखा नाघेको** | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यवसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| | **४.४.३ एक वर्ष भन्दा वढी भाखा नाघेको** | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यवसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| ५ | असुल गर्न वाँकी ब्याज | | | | |
| ६ | स्थिर सम्पत्ति | | | | |
| | ६.१ घरजग्गा | | | | |
| | ६.२ फर्निचर | | | | |
| | ६.३ सवारी | | | | |
| | ६.४ अन्य | | | | |
| ७ | अन्य सम्पत्ति | | | | |
| | **कुल सम्पती** | | | | |
| १ | **आम्दानी :** | | | | |
| | १.१ कर्जाबाट ब्याज आम्दानी | | | | |
| | १.२ अन्य आम्दानी | | | | |
| २ | **खर्च** | | | | |
| | २.१ बचतमा ब्याज खर्च | | | | |
| | २.२ कर्जाको लागि जोखिम ब्यवस्था | | | | |
| | २.२.१ भाखा ननाघेको | | | | |
| | २.२.२ एक वर्षससम्म भाखा नाघेको | | | | |
| | २.२.३ एक वर्ष भन्दा वढी भाखा नाघेको | | | | |
| | २.३ अन्य संचालन खर्च | | | | |
| | २.४ खराव ऋण अपलेखन | | | | |
| | २.५ कर्मचारी खर्च | | | | |
| ३ | **खूद नाफा/नोक्सान** | | | | |
| १ | बचत गर्ने सदस्य संख्या : | | | | |
| | १.१ ब्यक्तिगत सदस्य | | | | |
| | १.२ संस्थागत सदस्य | | | | |
| २ | बचत ब्याज दर : | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.१ न्यूनतम | | | | |
| | २.२ अधिकतम | | | | |
| ३ | सदस्य संख्या | | | | |
| | ३.१ पुरुष : | | | | |
| | ३.२ महिला : | | | | |
| | ३.३ जम्मा : | | | | |
| ४ | ऋण असुली | | | | |
| | ४.१ भाखा ननाघेको | | | | |
| | ४.२ भाखा नाघेको | | | | |
| ५ | लगानीमा रहिरहेको | | | | |
| | ५.१ घर जग्गा | | | | |
| | ५.२ ब्यापार ब्यावसाय | | | | |
| | ५.३ हायरपर्चेज | | | | |
| | ५.४ कृषि उद्योग | | | | |
| | ५.५ अन्य | | | | |
| ६ | कर्मचारी संख्या | | | | |
| | ६.१ पुरुष : | | | | |
| | ६.२ महिला : | | | | |
| | ६.३ कार्यालय : | | | | |
| | ६.४ जम्मा : | | | | |

हस्ताक्षर .............
कार्यकारी प्रमुख/अध्यक्षको नाम

अनुसूची - ८
(दफा ६८ संग सम्बन्धित)

**देहायका विषयमा देहायका शर्तहरुको पालना गर्ने गरी प्रारम्भिक सहकारी संस्थाहरु दर्ता गर्न सकिनेछ**

१. **बचत तथा ऋण सहकारी** : बचत तथा ऋणको कारोवार, सामाजिक कार्यहरु र वातावरण सुधारका कार्यहरु गर्ने ।
२. **स्वास्थ्य सहकारी** : सम्बन्धित निकायको इजाजत लिने गरी स्वास्थ्य सेवा संचालन गर्ने ।
३. **उपभोक्ता सहकारी** : समुदाय र सदस्यहरुलाई सुपथ मूल्यमा गुणस्तरिय उपभोग्य सामानहरु बिक्रि गर्ने ।
४. **चिया सहकारी** : चिया उत्पादन, चिया प्रशोधन उद्योग व्यवसाय संचालन र बजारिकरण सम्बन्धी कार्य गर्ने ।
५. **कफी सहकारी** : कफी उत्पादन, कफी प्रशोधन उद्योग व्यवसाय संचालन र बजारिकरण सम्बन्धी कार्य गर्ने ।
६. **तरकारी तथा फलफूल सहकारी** : तरकारी तथा फलफूल उत्पादन, तरकारी तथा फलफूल उत्पादन प्रशोधन उद्योग व्यवसाय र बजारिकरण सम्बन्धी कार्य गर्ने ।
७. **मौरी पालन** : मौरी पालन, मह भण्डारण र प्रशोधन सम्बन्धी उद्योग व्यवसाय र बजारिकरण सम्बन्धी कार्य गर्ने ।
८. **दुग्ध सहकारी** : पशु पालन, दुग्ध उत्पादन, प्रशोधन उद्योग व्यवसाय र बजारिकरण, पशु विमा ।
९. **जुनार सहकारी** : जुना उत्पादन, प्रशोधन र विक्रि वितरण ।
१०. **विँउ विजन सहकारी** : कृषि विउ विजन उत्पादन र विक्रि वितरण ।
११. **साना किसान सहकारी/कृषि** : कृषि उत्पादन, पशुपालन, तरकारी तथा फलफूल उत्पादन, माछा पालन, पंछी पालन, मौरी पालन, कृषि सामाग्री तथा उपभोग्य सामाग्रि बिक्री वितरण, कृषि उपज प्रशोधन तथा भण्डारण र बचत तथा ऋण परिचालन ।
१३. **अदुवा सहकारी** : अदुवा उत्पादन, प्रशोधन र विक्रि वितरण
१४. **उखु सहकारी** : उखु उत्पादन र प्रशोधन ।
१५. **पर्यटन सहकारी** : सम्बन्धित निकायबाट इजाजत लिने गरी होटल, लज र रिसोर्ट संचालन वा अन्य पर्यटन व्यवसाय संचालन ।
१६. **विद्युत सहकारी** : विद्युत उत्पादन र विक्रि वितरण
१९. **संचार सहकारी** : संचार सम्बन्धी कार्य, एफ एम संचालन ।

अनुसूची - ९

(दफा ७२ संग सम्बन्धित)

## अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सिद्धान्त र मुल्य

<u>सिद्धान्तहरु</u>

१. **पहिलो सिद्धान्त** : स्वेच्छिक तथा खुला सदस्यता - सहकारीहरु लैंगिक, सामाजिक, जातिय, राजनैतिक र धार्मिक भेदभाव रहित, सदस्यको जिम्मेवारी स्वीकार गर्ने तथा सेवा उपयोग गर्न सक्षम सबै व्यक्तिहरुका लागि खुला पहुँच भएका स्वेच्छिक संगठनहरु हुन् ।

२. **दोश्रो सिद्धान्त** : सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण - सहकारीहरु तिनका सदस्यहरुद्वारा प्रजातान्त्रिक बिधिबाट नियन्त्रित संगठनहरु हुन् । सदस्यहरु सहकारीको नीति तर्जूमा एवं निर्णय निर्माणमा सकृयतापूर्वक भाग लिन्छन् । संस्थाको कार्य सञ्चालनका लागि निर्वाचित पुरुष तथा महिला प्रतिनिधिहरु शेयर सदस्यहरु प्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारीहरुमा सदस्यहरुको समान मताधिकार (एक सदस्य, एक मत) रहन्छ । अरु तहका सहकारीहरु (संघहरु) पनि प्रजातान्त्रिक तवरले संगठित हुन्छन् ।

३. **तेश्रो सिद्धान्त** : सदस्यको आर्थिक सहभागिता - सदस्यहरुले आफ्नो संस्थाको पूँजिमा समतामूलक सहभागीता र क्रियाकलापमा प्रजातान्त्रिक विधिले नियन्त्रण गर्दछन् । सदस्यहरुले पूंजीमा गरेको योगदान वापत लाभांश भएमा सामान्यतः सीमित लाभ प्राप्त गर्दछन् । साधारण सभाको माध्यमद्वारा सदस्यहरुले देहायका वा कुनै वा सबै उद्देश्यहरुमा लाभांशको निश्चित अंश छुट्याउने छनः जस्तै सहकारी विकास, सदस्यहरुको सहकारीमा हुने कारोवारको अनुपातमा फाइदा लिन पाउने व्यवस्था, तथा सदस्यहरुद्वारा स्वीकृत अरु क्रियाकलापलाई टेवा दिने ।

४. **चौथो सिद्धान्त** : स्वायत्तता तथा स्वतन्त्रता - सहकारीहरु यसका सदस्यहरुद्वारा नियन्त्रित स्वायत्तः र स्वावलम्वी संगठनहरु हुन् । सहकारीले सरकार वा अन्य निकायहरुबाट बाह्य श्रोतको रुपमा पूँजी जुटाउने सम्झौता गर्छ भने सदस्यहरुद्वारा गरिने प्रजातान्त्रिक नियन्त्रणको पद्धति र आफ्नो सहकारीको स्वायत्तता सुनिश्चित हुने व्यवस्था मिलाउने छन् ।

५. **पांचौ सिद्धान्त** : शिक्षा, तालिम र सूचना - सहकारीहरुले आफ्ना सदस्यहरु, निर्वाचित प्रतिनिधिहरु एवं प्रवन्धक तथा कर्मचारीहरुलाई आफ्नोसंस्थामा प्रभावकारी रुपले योगदान दिनसक्ने तुल्याउन शिक्षा र तालिम प्रदान गर्नेछन् । सहकारीहरुले सर्वसाधारण खास गरी युवाहरु र बौद्धिक व्यक्तित्वहरुलाई सहकारीको बिषयमा र सहकारीताको फाइदाका बारेमा जानकारी गराउने छन् ।

६. **छैठौं सिद्धान्त** : सहकारीहरु वीच सहयोग - सहकारीहरुले आफ्ना सदस्यहरुलाई अत्यन्त प्रभावकारी रुपमा सेवा पुऱ्याउनेछन् र सहकारी अभियानलाई स्थानिय, राष्ट्रिय, क्षेत्रीय र अन्तरराष्ट्रिय संगठनहरुसंग आवद्ध गरी सहकारी अभियानलाई सुदृढ बनाउने छन् ।

७. **सातौं सिद्धान्त** : समुदाय प्रति चासो - सहकारीहरुले सदस्यहरुको आवश्यकताहरु र आकांक्षाहरुप्रति केन्द्रित हुँदै सदस्यहरुको समुदायको दीगो विकासका लागि कार्य गर्दछन् ।

<u>मुल्य</u>

<u>आधार मुल्यहरु</u>

१. **आत्मसहयोग/स्वावलम्वन** : प्रत्येक सहकारी संस्थाहरु आफ्नो काम आफैले गर्नु पर्दछ, अरुमाथि भर परेर आफ्नो उन्नति हुदैन । परमूखी सोचमा संस्था स्थापना गर्नु हुदैन भन्ने विस्वास गर्दछन् ।

२. **स्वःउत्तरदायित्व** : आफ्नो उन्नतिको जिम्वेवारी वहन आफैले गर्नु पर्दछ । सहकारी संस्थाहरुको गठन र नियन्त्रण सदस्यहरुद्वारा हुने र सम्पूर्ण क्रियाकलापहरुको जिम्मा पनि सदस्यहरुद्वारा नै लिईने हुँदा यसमा स्वः उत्तरदायित्वको भावना हुन्छ ।

३. **प्रजातन्त्र** : सदस्यहरुको सहभागितात्मक प्रजातान्त्रिक विधिद्वारा संगठनको क्रियाकलापहरु सुव्यवस्थित गर्ने उत्तम तरीका हो । सहकारी संस्था स्वयंका लागि सदस्यहरुद्वारा नै स्थापना गरिने भएकाले संस्थामा सदस्यहरुको सकृय सहभागिता, समान हक र समान दायित्व हुन्छ । एक व्यक्ति एक मतको सिद्दान्तमा आधारित रहेर निर्वाचन गरिन्छ ।

४. **समानता** : सदस्यहरु वीच भेदभाव रहित व्यवहार हुनु पर्दछ । राजनीतिक, धार्मिक, वर्ण, जाती, रंग आदिका आधारमा कसैलाई पनि भेदभाव गर्नु हुदैन ।

५. **समन्याय** : आर्थिक प्रतिफलको न्यायोचित वितरण, एउटा सदस्यलाई मर्का पारेर अर्को सदस्यले फाईदा नलिनु, शोषण विहिन आर्थिक सम्वन्ध कायम हुनु पर्दछ ।

६. **ऐक्यवद्धता** : एकतामा विश्वास गर्ने निश्चित उद्देश्य प्राप्तिका लागि आपसमा मिलिजुली काम गर्नु पर्दछ । समान आकांक्षा राख्नेहरुको एकीकृत प्रयासवाट नै आकांक्षा साकार हुन्छ ।

<u>नैतिक मुल्यहरु</u>

७. **इमान्दारिता** : सहकारीको सवै भन्दा महत्वपूर्ण नैतिक मूल्य ईमान्दारीता हो । यसमा भए गरेका क्रियाकलापहरु पारदर्शि राख्ने, छलकपट नगर्ने नीति, नियम कानून सिद्धान्त आदिको अनिवार्य पालना गरिएको हुनु पर्दछ ।

८. **खुलापन** : सहकारीको सदस्यता नीति नियमको परिधि भित्र रहेर मात्र खुला रहन्छ र सदस्यता त्याग गर्ने स्वतन्त्रता रहेको हुन्छ । खुलापनको मुल्य वस्तु स्वतन्त्रताको मुल्य हो ।

९. **सामाजिक उत्तरदायित्व** : सहकारी संस्था समाजका सदस्यहरुवाट समाजमा नै स्थापना गरिने हुँदा यो समाजको अभिन्न अंगको रुपमा रहेका हुन्छन् तसर्थ यिनीहरुले सामाजिक उत्तरदायित्व वहन गर्नु पर्दछ, जिम्वेवारीको पूर्ण पालना गर्नुपर्दछ अन्यथा संस्था समाजमा ग्राह्य हुन सक्दैन ।

१०. **अरुको हेरचाह** : संस्थाले आफ्ना सदस्यहरुको अतिरिक्त अन्य सदस्य तथा समुदायको पनि विचार गरी संभव उपायद्वारा हित प्रवर्द्धन गर्नु पर्दछ ।